# स्थानीय सरकार
# हेलम्बु गाउँपालिका
# बाल अधिकार संरक्षण तथा सम्वर्द्धन नीति २०८१

(हेलम्बु गाउँपालिकाको मिति २०८१/११/०६ गतेको गाउँ कार्यपालिकाको बैठकबाट स्वीकृत)

**स्थानीय सरकार**

**हेलम्बु गाउँपालिका**

हेलम्बु, सिन्धुपाल्चोक

बागमती प्रदेश, नेपाल

## १. पृष्ठभूमि

नेपालको संविधान (२०७२), स्थानीय सरकार सञ्चालन ऐन, २०७४ र बालबालिका सम्बन्धी ऐन, २०७५ लगायत अन्य प्रचलित ऐनहरू र प्रादेशिक सरकारले बनाएका नीति तथा कार्ययोजनाहरूलाई आत्मसात् गर्दै, हेलम्बु गाउँपालिकाले आफ्नो क्षेत्रभित्रका सम्पूर्ण बालबालिकाहरुको समग्र हक अधिकारको सम्मान, संरक्षण र परिपालना गरी, विशेषतः हरेक बालबालिकाको संरक्षणका लागि प्रभावकारी कार्य गर्न आवश्यक नीतिगत व्यवस्थाका साथै तत्सम्बन्धी कार्य व्यवस्थित गर्न हेलम्बु गाउँपालिकाबाट यो बालअधिकार संरक्षण तथा सम्वर्द्धन नीति २०८१ जारी गरिएको छ । यस नीतिलाई पालना गर्नु हेलम्बु गाउँपालिका भित्र कार्य गर्ने सबै निकाय, संघसंस्था तथा निजीक्षेत्र लगायत सबैको साझा दायित्व हुनेछ ।

## २. बिगतका व्यवस्था र प्रयासहरु

### २.१ बालअधिकारको अवधारणा र बालबालिका सम्बन्धी संविधान, नीति र कानुनका प्रमुख व्यवस्थाहरू :

बालबालिका समाजका सबैभन्दा संवेदनशील समूह हुन् । समाजमा हुने मानवीय विपद् हुन् वा प्राकृतिक विप्रद् लगायत अन्य घटना तथा गतिविधिहरुको अधिकतम असर बालबालिकामाथि पर्न जान्छ । सदैव बालबालिकाको हितलाई ध्यानमा राखेर बालबालिकाको संरक्षण र विकासलाई सबैले प्राथमिकता दिनु पर्दछ भन्ने लगायतका मान्यताका साथ विश्वमा बालअधिकारको अवधारणा विकास भएको छ । हाम्रो समाजमा पनि बालबालिकामा भगवानको स्वरुप हुन्छ भन्ने परम्परागत मान्यताले पनि बालबालिकाको विशिष्ट स्थानलाई पुष्टि गर्दछ । बालबालिका स्वभावैले शारीरिक मानसिक रुपमा कलिला हुने भएकाले उनीहरुको हेरचाह, संरक्षण, विकास लगायतका कुरामा वयस्कहरुको जिम्मेवारी हो । सामन्यतया बालबालिकाको अधिकारलाई बालबालिकाको बाँच्न पाउने अधिकार (जस अन्तरगत सामन्यतयाः सुरक्षित जन्म देखि खोप, पोषण लगायत पर्दछन्), संरक्षण पाउने अधिकार (जस अन्तरगत सामन्यतयाः कुनै पनि किसिमको हानि, जोखिम तथा क्षतिबाट जोगिनु, हिंसा, दुर्व्यवहार, शोषण, भेदभाव आदिबाट जोगिनु लगायत पर्दछन्), विकास गर्न पाउने (जसअन्तरगत सामान्यतयाः शारीरिक, मानसिक, संवेगात्मक विकासका लागि उचित वातावरण, शिक्षा, खेल मनोरन्जन लगायत पर्दछन्) र सहभागि हुन पाउने (जसअन्तरगत सामन्यतयाः आफूलाई असर गर्ने कुरामा आफ्ना विचार भावना राख्न पाउने र सोलाई उचित मान्यता दिनु पर्ने लगायतका कुराहरु पर्दछन्) गरी चार समूहमा व्याख्या गर्ने गरिन्छ, र यी सबै अधिकारहरु एकअर्कामा सम्बन्धित हुन्छन् । सामान्यतः स्वास्थ्य, विकास र सहभागिताका अधिकारहरू उपभोग गरिरहेको बालबालिकालाई कुनै हानि नपुर्‍याउने हो भने निजको सर्वाङ्गीण विकास सुनिश्चित हुन्छ । संरक्षणको अधिकार उनको स्वभाविक विकासमा अवरूद्ध गर्ने कुराहरूबाट उनलाई जोगाउने सुनिश्चितताका लागि हो । त्यसैले संरक्षणका अधिकारहरूले प्रतिकूल पारिवारिक तथा सामाजिक वातावरण, अवस्था, प्रचलन, परम्परा र मानिसले गर्न सक्ने हिंसा, शोषण, दुर्व्यवहारबाट बालबालिकालाई जोगाउने कुरामा जोड दिन्छ । बालसंरक्षण भित्र विविध कारणवश हानि वा प्रतिकूलता भोग्न पुगेका बालबालिकाको उद्धार, उपचार, अस्थायी बसोबासको बन्दोबस्त, पुनर्स्थापना लगायत बालबालिकालाई हानि पुर्‍याउनेलाई गरिने कानूनी कारवाही तथा हानि व्यहोरेबापत प्राप्त गर्ने क्षतिपूर्ति समेत पर्दछ । बालबालिकाको स्वास्थ्योपचार र पोषणसम्बन्धी हक, शिक्षा, खेलकूद, मनोरञ्जन तथा सर्वाङ्गीण विकाससम्बन्धी हक र बालबालिकाको सहभागिता सम्बन्धी हकबाट बालसंरक्षणलाई केही पृथक रूपमा हेरिन्छ र विद्यमान अवस्थामा यसलाई थप ध्यान दिनु पर्ने देखिन्छ ।

## २.२ बिगतका प्रयासहरु

बालबालिकाका विषयमा. विगतदेखि नै तत्कालिन गाउँ विकास समितिहरुबाट यस गाउँपालिकाको विद्यमान क्षेत्रभित्र विविध गतिविधिहरु गर्दै आएका थिए । थप्रै सकारात्मक कामहरु भएको भएता पनि कतिपय गतिविधिहरुका लागि उचित प्राथमिकता र पर्याप्त श्रोत विनियोजन हुन भने सकेको थिएन । सामान्यतया यसक्षेत्रमा बालबालिका केन्द्रीत निम्न कार्यहरु भएको देखिन्छ:

- सङ्घीय प्रणाली अनुरुप गाउँपालिकाको स्थापना पश्चात अनाथ तथा जोखिमयुक्त बालबालिकाहरुको लागि सामाजिक सुरक्षा कार्यक्रम संचालन गरी लागु गरिएको ।
- वालबालिकाको क्षेत्रका कार्यका लागि बजेट बिनियोजन गरी विभिन्न गतिविधिहरु संचालन भएको ।
- बालमैत्री, अपाङ्ग मैत्री विद्यालय र शौचालय, वाल मैत्रीधारा लगायत बालमैत्री संरचनाहरु निर्माण गर्न थालिएको ।
- दलित बालबालिका, अपाङ्गता भएका बालबालिका, विपन्न बालवालिका तथा अनुशाषित र जेहेन्दार विद्यार्थीको लागि छात्रवृत्तिको व्यवस्था गरिएको ।
- विद्यालयहरुमा बालबालिकाका लागि खेलकुद सामाग्री र खेलमैदानको व्यवस्था गरिएको ।
- कक्षा ११ र १२ मा अध्ययनरत विद्यार्थीहरुको लागि एकिकृत सिकाई केन्द्रमा एकिकृत रुपमा निशुल्क अध्यपनको व्यवस्था गरिएको ।
- विद्यालयहरुमा युनिफर्म (पोशाक) प्रदान गरिएको ।
- साना बालबालिकाका लागि बालविकास केन्द्र स्थापना गरिएको ।
- गाउँपालिकाले बालबालिकाको लागि डिजिटल अध्ययन सामग्रीको व्यवस्था गरेको ।
- गाउँपालिका भित्रमा विद्यालयबाट उच्चतम ग्रेड हाँसिल गर्ने विद्यार्थीलाई पुरस्कारको व्यवस्था गरिएको ।
- विद्यालयहरुमा दिवा खाजाको व्यवस्था गरिएको ।
- सुनौलो हंजारदिने आमा तथा बच्चालाई सुआहारा कार्यक्रम संचालन गरिएको ।
- विद्यालय भर्ना अभियानका साथै विशेषतः बिस्थापित बालबालिकालाई विद्यालय भर्ना सहजीकरण गरिएको ।
- दलित नवजात शिशु जन्मदर्तामा प्रोत्साहन गरिएको ।
- अनाथ तथा जोखिमयुक्त बालबालिका तथा संरक्षक विहीन बालबालिकालाइसंरक्षण भत्ता उपलव्ध गराएको ।

## ३. वर्तमान स्थिति

राष्ट्रिय जनगणना २०७८ अनुसार नेपालको कुल जनसंख्या २,९१,६४,५७८ रहेको छ । त्यसभित्र १८ वर्ष मुनिका बालबालिकाको संख्या ९८ लाख ६९ हजार ५ सय ८३ रहेको छ । यस अनुसार नेपालको कुल जनसंख्या मध्ये ३३.८४ प्रतिशत बालबालिकाले ओगटेको छ । जसमा बालक र बालिकाको संख्या क्रमश ५१,१४,५०५ र ४७,५५,०७८ देखिन्छ भने प्रतिशतमा ५१.८२ प्रतिशत र ४८.१८ प्रतिशत देखिन्छ । उमेर समुह अनुसार ० देखी ५ वर्ष सम्मका ३०,०७,६४८ जना, ६ देखी १४ बर्ष सम्मका ५१,०७,९२७ र १५ देखी १७ वर्ष सम्मका १७,५४,००८ जना रहेका छन ।

संयुक्त राष्ट्रसंघको बाल अधिकार महासन्धि, १९८९ लाई नेपालले २०४७ साल भदौ २९ गते (सेप्टेम्वर १४, १९९०) बिनाशर्त अनुमोदन गरी नेपालमा बाल अधिकार सुनिश्चितताका लागि प्रतिवद्धता जनाए अनुरुप नेपालको संविधानको धारा ३९ मा बालबालिकाको हकलाई मौलिक हकको रुपमा सुनिश्चित गरी बालबालिकाको सर्वोत्तम हितलाई राज्यको नीतिको रुपमा व्यवस्था गरेको छ । यसका साथसाथै अन्य ९ वटा धाराहरुमा बालबालिका संग सम्बन्धित हकहरुलाई मौलिक हकको रुपमा व्यवस्था गरेको पाईन्छ ।

__(१) धारा १८. समानताको हक :__ (३) राज्यले जाति धर्म, लिंग, वर्ण, शारीरिक अपाङ्गता, वैवाहिक स्थिति, स्वास्थ्य, भाषा, क्षेत्र वा अन्य कुनै आधारमा भेदभाव गर्ने छैन । तर सामाजिक वा सांस्कृतिक दृष्टिले पछाडि पारिएका समूहका लागि विशेष व्यवस्था गर्न सक्नेछ ।

__(२) धारा २०. न्याय सम्बन्धी हक:__ यस धाराको उपधारा १० असमर्थ पक्षलाई कानून बमोजिम नि:शुल्क कानूनी सहायता पाउने हक हुनेछ ।

__(३) धारा २१. अपराध पीडितको हक :__ (१) अपराध पीडितलाई आफू पीडित भएको मुद्दाको अनुसन्धान तथा कारवाही सम्वन्धी जानकारी पाउने हक हुनेछ ।
(२) अपराध पीडितलाई कानून बमोजिम सामाजिक पुनर्स्थापना र क्षतिपूर्ति पाउने हक हुनेछ ।

__(४) धारा २९. शोषण विरुद्धको हक :__ १. प्रत्येक व्यक्तिलाई शोषण विरुद्धको हक हुनेछ । २. धर्म, प्रथा, परम्परा, संस्कार, प्रचलन वा अन्य कुनै आधारमा कुनै पनि व्यक्तिलाई कुनै किसिमले शोषण गर्न पाइने छैन । ३. मानिसलाई बेचबिखन गर्न, दास वा बाँधा बनाउन पाइने छैन । त्यस्तो कार्य कानून बमोजिम दण्डनीय हुनेछ । ४. कसैलाई पनि निजको इच्छा विरुद्ध काममा लगाउन पाइने छैन । तर यस उपधारामा उल्लिखित व्यवस्थाले सार्वजनिक प्रयोजनको लागि नागरिकलाई राज्यले अनिवार्य सेवामा लगाउन सक्ने गरी कानून बनाउन रोक लगाएको मानिने छैन । ५. उपधारा (३) र (४) विपरितको कार्य कानून बमोजिम दण्डनीय हुनेछ र त्यस्तो कार्यबाट पीडित व्यक्तिलाई पीडकबाट कानून बमोजिम मनासिव क्षतिपूर्ति पाउने हक हुनेछ ।

__(५) धारा ३१. शिक्षा सम्बन्धी हक :__ १. प्रत्येक नागरिकलाई आधारभूत शिक्षामा पहुँचको हक हुनेछ । २. प्रत्येक नागरिकलाई आधारभूत तहको शिक्षा अनिवार्य र नि:शुल्क तथा माध्यमिक तहसम्म नि:शुल्क शिक्षा पाउने हक हुनेछ । ३. अपाङ्गता भएका र आर्थिक रूपले विपन्न नागरिकलाई कानून बमोजिम नि:शुल्क उच्च शिक्षा प्राप्त गर्ने हक हुनेछ । ४. दृष्टिविहीन व्यक्तिलाई ब्रेललिपि तथा बहिरा र स्वर वा वोलाई सम्वन्धी अपाङ्गता भएका व्यक्तिलाई साङ्केतिक भाषाको माध्यमबाट कानून बमोजिम नि:शुल्क शिक्षा पाउने हक हुनेछ । ५. नेपालमा बसोवास गर्ने प्रत्येक नेपाली समुदायलाई आफ्नो मातृभाषामा माध्यमिक तहसम्म शिक्षा प्राप्त गर्न र कानून बमोजिम विद्यालय तथा शैक्षिक संस्था खोल्ने र सञ्चालन गर्ने हक हुनेछ ।

__(६) धारा ३५. स्वास्थ्य सम्बन्धी हक :__ १. प्रत्येक नागरिकलाई आधारभूत स्वास्थ्य सेवा नि:शुल्क प्राप्त गर्ने हक हुनेछ । कसैलाई पनि आकस्मिक स्वास्थ्य सेवाबाट वञ्चित गरिने छैन । २. प्रत्येक व्यक्तिलाई आफ्नो स्वास्थ्य उपचारको सम्वन्धमा जानकारी पाउने हक हुनेछ । ३. प्रत्येक नागरिकलाई स्वास्थ्य

सेवामा समान पहुँचको हक हुनेछ । ४. प्रत्येक नागरिकलाई स्वच्छ खानेपानी तथा सरसफाइमा पहुँचको हक हुनेछ ।

**(७) धारा ३९. बालबालिकाको हक :** १. प्रत्येक बालबालिकालाई आफ्नो पहिचान सहित नामाकरण र जन्मदर्ताको हक हुनेछ । २. प्रत्येक बालबालिकालाई परिवार तथा राज्यबाट शिक्षा, स्वास्थ्य, पालन-पोषण, उचित स्याहार, खेलकूद, मनोरञ्जन तथा व्यक्तित्व विकासको हक हुनेछ । ३. प्रत्येक बालबालिकालाई प्रारम्भिक बालविकास तथा बालसहभागिताको हक हुनेछ । ४. कुनै पनि बालबालिकालाई कलकारखाना, खानी वा यस्तै अन्य जोखिमपूर्ण काममा लगाउन पाइने छैन । ५. कुनै पनि बालबालिकालाई बालविवाह, गैरकानूनी ओसारपसार र अपहरण गर्न वा बन्धक राख्न पाइने छैन । ६. कुनै पनि बालबालिकालाई सेना, प्रहरी वा सशस्त्र समूहमा भर्ना वा प्रयोग गर्न वा सांस्कृतिक वा धार्मिक प्रचलनको नाममा कुनै पनि माध्यम वा प्रकारले दुर्व्यवहार, उपेक्षा वा शारीरिक, मानसिक, यौनजन्य वा अन्य कुनै प्रकारको शोषण गर्न वा अनुचित प्रयोग गर्न पाइने छैन । ७. कुनै पनि बालबालिकालाई घर, विद्यालय वा अन्य जुनसुकै स्थान र अवस्थामा शारीरिक, मानसिक वा अन्य कुनै किसिमको यातना दिन पाइने छैन । ८. प्रत्येक बालबालिकालाई बाल अनुकुल न्यायको हक हुनेछ । ९. असहाय, अनाथ, अपाङ्गता भएका, द्वन्द्वपीडित, विस्थापित एवं जोखिममा रहेका बालबालिकालाई राज्यबाट विशेष संरक्षण र सुविधा पाउने हक हुनेछ । १०. उपधारा (४), (५), (६) र (७) विपरीत कार्य कानून बमोजिम दण्डनीय हुनेछन् र त्यस्तो कार्यबाट पीडित बालबालिकालाई पीडकबाट कानून बमोजिम क्षतिपूर्ति पाउने हक हुनेछ ।

**(८) धारा ४०. दलितको हक :** दलित विद्यार्थीलाई प्राथमिकदेखि उच्च शिक्षासम्म कानून बमोजिम छात्रवृत्ति सहित निःशुल्क शिक्षाको व्यवस्था गरिनेछ । प्राविधिक र व्यावसायिक उच्च शिक्षामा दलितका लागि कानून बमोजिम विशेष व्यवस्था गरिनेछ ।

**(९) धारा ४२ (२). सामाजिक न्यायको हक :** आर्थिक रूपले विपन्न र लोपोन्मुख समुदायलाई शिक्षामा विशेष अवसर हुनेछ ।

**(१०) धारा ४३. सामाजिक सुरक्षाको हक :** आर्थिक रूपले विपन्न, अशक्त र असहाय अवस्थामा रहेका एकल महिला, अपाङ्गता भएका, बालबालिका, आफ्नो हेरचाह आफैं गर्न नसक्ने तथा लोपोन्मुख जातिका नागरिकलाई कानून बमोजिम सामाजिक सुरक्षाको हक हुनेछ ।

नेपालको संविधान २०७२ तथा बालबालिका सम्बन्धी ऐन २०७५ अनुसार स्थानीय तहले बालअधिकारको प्रचलन गर्नुपर्ने व्यवस्था गरेको छ । यसको साथसाथै बालबालिकाको सर्वोत्तम हितका लागि स्थानीय तहले प्रदेश तह र संघीय सरकारसंग समन्वयात्मक भूमिका निर्वाह गरी बाल अधिकारको प्रवर्द्धन गर्दै बाल बचाउ, बालसंरक्षण, बाल विकास र बाल सहभागिताको सुनिश्चितता गरी बालमैत्री घर, समुदाय, वडा, पालिका हुँदै बालमैत्री राष्ट्रनिर्माणका खातिर काम गर्नुपर्ने मार्गचित्र प्रस्तुत गरेको छ । नेपालमा संघीय व्यवस्था लागु भएपछि तीनबटै सरकारको २ पटक आवधिक निर्वाचन सम्पन्न भइसकेको छ । यस क्रममा बालबालिका सम्बन्धी थुप्रै नीतिगत व्यवस्थाहरु पारीत भई कार्यान्वयनमा छन ।

राष्ट्रिय बालअधिकार परिषदको आ.व. २०७९/२०८० को बार्षिक प्रतिवेदन अनुसार नेपालको कुल ७५३ वटा स्थानीय तहहरुमध्ये ३७३ वटामा बालअधिकार संरक्षण तथा प्रवर्द्धन नीति/कार्यविधी पारीत भएको, २०९ वटामा स्थानीय बालअधिकार समिति गठन भएको, २९४ वटामा बालकल्याण अधिकारी तोकिएको, ९ वटामा बालकल्याण अधिकारी नियुक्ति गरिएको, २४६ वटामा बालकोषको स्थापना भएको र ९ वटामा समाजसेवी तथा बालमनोविज्ञ सुचीकरण भएको तथ्याँक देखिन्छ। यस तथ्याँकले स्थानीय सरकारहरुले बालबालिकाको क्षेत्रमा लगानी बढाई सिर्जनात्मक कार्यहरु गर्नु पर्ने देखिन्छ। गाउँपालिकाको सुन्दर भविष्य बालबालिकाको मुहारमा देख्ने आदर्शवाट प्रेरित हेलम्बु गाउँपालिका सिन्धुपाल्चोकले बालअधिकारको सम्मान, प्रवर्द्धन गर्दै बालबालिकाको सर्वाङगीण विकास गरी आगमी दिनमा योग्य र दक्ष जनशक्ति तयार गरी सक्षम र सभ्य समाज निर्माणको हेतुले बालअधिकार संरक्षण तथा सम्बर्द्धन नीति २०८१ तयार गरिएको छ।

### ४. समस्या र चुनौतिहरु

राष्ट्रिय तथा स्थानीय स्तरबाट बालबालिकाको निम्ति बिगतदेखि विविध प्रयत्नहरु हुँदै आएको भएता पनि बालबालिकासंग सम्बन्धित निम्न विषयहरु वा समस्याहरु यस गाउँपालिका भित्र अझै विद्यमान रहेको पाइन्छः।

- समुदाय र विद्यालय टाढा रहेको, जंगल तथा खोला खोल्सीको बाटो हुँदै बालबालिकाहरु विद्यालय जानुपर्ने अवस्था हुनु।
- टाढाको विद्यालय जान यातयातको साधान नहुनु।
- आमा र बालबालिकामा पोषणको कमी, सन्तुलित भोजनको अभाव हुनु।
- बाल दुर्व्यवहार, बालयौन दुर्व्यवहारका घटनाहरु हुनु।
- संरक्षण बिहीन बालबालिकालाई गाँस, बास, कपास र शैक्षिक समग्रीको कमी हुनु।
- विद्यालय अध्यापनमा आधुनिक प्रविधिको प्रयोगको कमी, अतिरिक्त क्रियाकलापको कमी, सिकाइ सामग्री तथा स्रोत साधनको अभाव हुनु।
- विद्यालयको शिक्षण सिकाई कृयाकलापहरु पूर्णरुपमा बालमैत्री र दण्डरहित नहुनु।
- विद्यालयमा भौतिक संरचनाको अभाव तथा बालमैत्री, अपाङ्गमैत्री संरचना नहुनु।
- केही विद्यालयहरुमा खेल मैदान, घेराबारको अभाव हुनु।
- विद्यालय छाड्ने समस्या, बालबालिका अनियमित हुनु।
- विद्यालय भर्ना समयमा नै नहुनु, सबै बालबालिकालाई अनिवार्य र निशुल्क शिक्षा प्रदान नहुनु।
- विद्यालयमा शिक्षकहरु पर्याप्त नहुनु। अनियमित हुनु।
- विद्यालयमा दरबन्दी अनुसार, तथा विषयगत शिक्षकको व्यवस्था पर्याप्त नहुनु।
- बालविवाहका घटनाहरु हुनु। छिटो विवाह हुने परीपाटी हुनु।
- बालश्रम शोषणका घटनाहरु हुनु।
- समुदायमा अनाथ तथा जोखिमपूर्ण अवस्थामा रहेका बालबालिका हुनु।
- केही समुदाय तथा विद्यालयमा सुरक्षित पिउने पानीको अभाव हुनु।
- अभिभावकको बालबालिका प्रतिको चासोमा कमी तथा बालबालिका प्रति जिम्मेवार नहुनु।
- घरपरिवार तथा विद्यालयमा, सार्वजनिक स्थलहरुमा बालबालिकाको सुरक्षाको व्यबस्था नहुनु।

- सवै वालवालिकाको पहुँचमा हुने गरी वालविकास केन्द्र, शिशुस्याहार केन्द्रको व्यवस्था नहुनु ।
- सुर्तीजन्य पदार्थ, मादक तथा लागूपदार्थ लगायतको कुलतबाट बालबालिका प्रभावित हुनु ।
- घरायसी झैझगडाको कारण बालबालिकालाई नकारात्मक असर पर्नु ।
- वालवालिकाको विचारको कदर नहुनु ।
- लिङ्ग पत्ता लगाइ भ्रुण हत्या गर्ने क्रम बढ्नु ।
- सवै वडामा वालउद्यान नहुनु ।
- अपांगता भएका बालबालिकाको लागि समावेशी शिक्षाको व्यवस्था नहुनु ।
- बालवालिकामा इन्टरनेट तथा मोवाइल फोनको बिकृति हुनु ।
- बालवालिकालाई घरमा कामको बोझ, जिम्मेवारी हुनु ।
- आर्थिक अवस्था कमजोर भएका बालबालिकालाई शैक्षिक सामाग्री र पोशाकको व्यवस्था नहुनु ।
- वालमैत्री स्वास्थ्य चौकी, अस्पतालको अभाव हुनु ।
- अभिभावक विहीन बालबालिका तथा बालबालिकाले नेतृत्व गरेका परिवारहरु हुनु ।
- उमेर बढाई विदेश जाने वालवालिकाकाहरु हुनु ।

## ५ नीतिको आवश्यकता

वालवालिका आफैले आफ्ना अवाजहरु उजागार गर्न सक्दैनन् । यसका लागि वयस्कहरुको विशेष जिम्मेवारी हुन्छ । नेपाल सरकारले लागु गरेको ऐन, कानुन तथा अन्तराष्ट्रिय जगतमा गरिएका सन्धि, महासन्धी र प्रतिबद्धताहरुको कार्यान्वयनमा पनि सरकारको जिम्मेवारी रहन्छ । बालबालिकाहरुको सर्वाङगीण विकासका लागि योजनाबद्ध कार्यक्रमको आवश्यकता पर्दछ । हेलम्वु गाउँपालिका भित्रका बालवालिकाहरुको बाल अधिकारको संरक्षण तथा सर्वाङगीण विकासको लागि दूरदृष्टि सहितको नीति को आवश्यकता भएकोले यो नीतिको तर्जुमा गरिएको छ ।

## ६. नीतिको दूरदृष्टि, लक्ष्य तथा उद्देश्यहरु

### ६.१ दुरदृष्टि

हेलम्वु गाउँपालिका, खुशी र सुरक्षित बालबालिका

### ६.२ लक्ष्य

गाउँपालिका भित्र सबै बालबालिकाको बाँच्न पाउने, संरक्षण पाउने, विकास हुन पाउने र सहभागिताको अधिकारको सुनिश्चित गर्ने ।

### ६.३ उद्देश्यहरु

१. गाउँपालिका भित्र रहे बसेका सबै बालबालिकाको अधिकारको संरक्षण तथा संवर्द्धन गर्ने
२. बालबालिकामाथि हुने हिंसा, दुर्व्यवहार, हानि, शोषण, भेदभाव, ओसारपसार, बालविवाह, वालविछोड र जोखिम न्युनिकरण गर्ने
३. बालबालिकासँग सरोकार राख्ने स्थानीय विकासका हरेक प्रक्रियामा सबै तहमा बालबालिकाको अर्थपूर्ण सहभागिता सुनिश्चित गर्ने
४. बालअधिकार संरक्षण र संवर्द्धनका लागि स्थानीय संस्थागत व्यवस्था गर्ने

५. वालमैत्री स्थानीय शासन कार्यान्वयन गरी वालमैत्री गाउपालिका बनाउने
६. अनाथ, अपांगता भएका तथा जोखिमयुक्त वालबालिकाहरुका लागि सामाजिक सुरक्षा कार्यक्रम संचालन गर्ने ।
७. वालअधिकार संरक्षण र सम्वर्द्धनका लागि सरकारी, गैरसरकारी र अन्य सरोकारवालाहरुबीच समन्वय, सहकार्य र साझेदारी स्थापना गर्ने

७ नीति

*उद्धेश्य १ प्राप्त गर्नको लागि देहायका नीतिहरु अवलम्बन गरिने छ ।*

७.१.१ वालअधिकार र बालबालिकालाई विशेष प्राथमिकता दिनुपर्ने लगायतका विषयमा अभिभावक, शिक्षक, समुदाय, सेवा प्रदायक संघसंस्था तथा निकायहरु लगायतलाई सचेत गराउँदै सवैक्षेत्रमा वालसम्वेदनशिलता अभिवृद्धि गरिनेछ ।

७. १.२ स्थानीय स्वास्थ्य संस्थामा खोप/औषधिको पर्याप्त व्यवस्था र उपयोगको अनुगमन गरी कुनै पनि बालबालिका आधारभूत औषधि, खोप र स्वास्थ्य सेवावाट बञ्चित नहुने व्यवस्था गरिनेछ । गर्भावस्था वा प्रसुतीपछि मातृ-शिशुको स्वास्थ्य नियमित परीक्षणको सेवा प्रभावकारी बनाउनुका साथै र जनचेतना अभिवृद्धिका लागि स्वास्थ्य केन्द्रहरुको परिचालन तथा नियमित अनुगमन गरिनेछ ।

७.१.३ विद्यालयहरुमा हानिकारक रसायनयुक्त, तयारी पाकेटका पत्रु खानेकुरा (जंकफुड) को प्रयोग निषेध गरिनेछ र स्थानीय उत्पादनका खाद्य सामाग्रीबाट पोषणयुक्त र स्वादिला खाना बनाउन प्रोत्साहन गरिनेछ ।

*उद्धेश्य २ प्राप्त गर्नको लागी देहायका नीतिहरु अवलम्बन गरिने छ ।*

७.२.१ बालबालिका माथि कुनै पनि किसिमको हिंसा हुन दिइने छैन र यौनदुर्व्यवहार लगायत सबै किसिमका दुर्व्यवहार हुनवाट बालबालिकालाई संरक्षण गरिनेछ ।

७.२.२ कानून विपरित कुनै पनि बालबालिका घरेलु बालश्रमिक लगायत कुनै पनि प्रकारको बालश्रममा लाग्नु पर्ने अवस्थाको अन्त्य गरिने छ र बालश्रमको श्रोतस्थल र गन्तव्यस्थल दुबैमा अनुगमन गरी वालवालिकालाई आवश्यक सहयोग र श्रमशोषण गर्नेलाई कानुन अनुसार कारवाही गरिनेछ ।

७.२.३ वावुआमा विहीन, अनाथ, वेवारिस अवस्थामा भएका बालबालिकाको उचित पुनर्स्थापना गरिने छ, यसक्रममा संस्थागत हेरचाहलाई अन्तिम विकल्पका रुपमा मात्र लिइनेछ । ११ बर्ष (४०१५ दिन) उमेर पुरा नगरेका बालबालिकालाई आवशिय विद्यालयका होस्टेल वा अन्य संस्थागत हेरचाहमा पठाइने छैन । अति आवश्यक बालवालिकालाई समुदायमा नै परिवारमा आधारीत हेरचाह (Foster family support) गर्ने परिवार पहिचान गरी अनाथ तथा वेवारिस बालबालिकाको हेरचाहको व्यवस्था गरिने छ ।

७.२.४ बालविवाहलाई अन्त्य गरिनेछ, बालविवाह गर्ने, गराउने तथा सहभागी हुने, सहयोग गर्नेलाई कानूनी तथा सामाजिक कारवाहीको दायरामा ल्याइनेछ ।

७.२.५ अपाङ्गता भएका बालबालिकाको संरक्षण र विशेष आवश्यकताको परिपूर्तिलाई प्राथमिकता दिइनेछ ।

७.२.६ विपद्को अवस्थामा बालसंरक्षणको विषयलाई उच्च प्राथमिकता दिनुका साथै दुर्घटना तथा जोखिमको न्युनीकरण गरिनेछ ।

७.२.७ विद्यालयका साथै घर, समुदाय लगायतमा बालबालिकालाई अनुशासनको नाममा दिइने शारीरिक तथा मानसिक दण्डसजायँको अन्त्य गरी सकारात्मक अनुशासन पद्धतिलाई विस्तार गरिनेछ ।

७.२.८ गाउँपालिकाको आफ्नो भौगोलिक क्षेत्र भित्रका बालबालिकासँग प्रत्यक्ष काम गर्ने सबै सार्वजनिक निकाय तथा निजी क्षेत्र एवं सामाजिक संस्थाहरूलाई बालसंरक्षण मापदण्ड बनाई लागु गर्न सहयोग तथा सोको अनुगमन गरिनेछ एवम् गाउँपालिका स्वयम्का लागि समेत बालसंरक्षण मापदण्ड बनाइ कार्यान्वयन गरिनेछ ।

*उद्देश्य ३ प्राप्त गर्नको लागि देहायका नीतिहरु अवलम्बन गरिने छ ।*

७.३.१ विद्यालय तथा समुदायमा रहेका बालक्लबको सूचीकरण गर्न र बालक्लब गठन गर्न सहजीकरण गरिनेछ ।

७.३.२ गाउँपालिकाको योजना तर्जुमाको चरणमा नै बालबालिकाको उपयुक्त सहभागिता गराई उनीहरुको विचार, भावनालाई मान्यता दिइ योजनामा प्राथमिकता दिइनेछ ।

*उद्देश्य ४ प्राप्त गर्नको लागि देहायका नीतिहरु अवलम्बन गरिने छ ।*

७.४.१ बालअधिकारको संरक्षण प्रवर्धनका लागि आवश्यकता अनुरुप आवश्यक संस्थागत संरचनाहरुको विकास गर्न सकिनेछ । हालका लागि निम्न संरचनाहरुको स्थापना तथा सुदृढीकरण गरिनेछ ।

- हेलम्बु गाउँपालिका बालअधिकार समिति
- वडा बालअधिकार समिति
- विद्यालय स्तरीय गुनासो सुनुवाई उप समिति
- गाउँपालिकाको कार्यालयमा बाल कल्याण अधिकारी तथा इकाई स्थापना
- बाल संरक्षण शिक्षक सन्जाल

*उद्धेश्य ५ प्राप्त गर्नको लागी देहायका नीतिहरु अवलम्बन गरिने छ ।*

७.५.१ बालमैत्री स्थानीय शासन राष्ट्रिय रणनीति अनुरुपको अवधारणालाई आत्मसात गर्दै तोकिएका सूचकहरु पूरा गरी समग्र गाउँपालिकालाई बालमैत्री घोषणा गर्ने उद्देश्यनुरुप क्रमशः छानिएका वडाहरुमा केन्द्रीत गरी वडाहरुलाई बालमैत्री घोषणा गर्दै लगिनेछ ।

*उद्देश्य ६ प्राप्त गर्नको लागि देहायका नीतिहरु अवलम्बन गरिने छ ।*
७.६.१ अनाथ तथा जोखिमयुक्त वालवालिका सम्वन्धी समग्र सूचनालाई एकीकृत र अध्यावधिक गरिने छ र यसक्रममा वालसंरक्षण संग सम्वन्धित सूचनाहरुको व्यवस्थित अभिलेख राख्ने प्रणालीको विकास गरिनेछ ।

७.६.२ प्रत्येक वडामा अनाथ तथा जोखिमयुक्त वालवालिका सम्वन्धी वडागत सूचना अध्यावधिक गरी दुरुस्त राख्ने व्यवस्था गरिनेछ ।

७.६.३ अनाथ तथा जोखिमयुक्त वालवालिकाको समग्रअवस्थावारे अध्यावधिक तथ्याङ्क, सूचना, जानकारी भएको वालवालिका सम्वन्धी वार्षिक स्थिति प्रतिवेदनको प्रकाशनलाई नियमितता दिइनेछ ।

७.६.४ अनाथ तथा जोखिमयुक्त वालवालिकाका लागि सामाजिक सुरक्षा कार्यक्रम संचालन गर्न वाल कोषको स्थापना गरी परिचालन गरिनेछ ।

७.६.५ जन्मजात अपाँगता हुने वा यसको जोखिम न्युनीकरणका लागि गर्भावस्थाको स्याहार र सावधानीलाई सन्देशमुलक कार्यक्रम संचालन गरिनेछ ।

*उद्देश्य ७ प्राप्त गर्नको लागि देहायका नीतिहरु अवलम्बन गरिने छ ।*
७.७.१ वालअधिकारको संरक्षण, सम्वर्द्धन तथा परिपालनाकां लागि सम्वन्धित सरकारी निकायहरुलाई वालवालिकाको अवस्था सम्वन्धी तथ्यांक, सूचनाका आधारमा बालवालिकाको विषयलाई प्राथमिकता दिन तथा वालकेन्द्रित गतिविधि गर्न, बालसंबेदनशिलता अभिवृद्धि गर्न सहजिकरण गरिने छ ।

७.७.२ गाउँपालिका स्तरमा, जिल्ला तथा प्रदेशस्तरमा र राष्ट्रिय स्तरमा वालवालिकाका निम्ति क्रियाशिल संघसंस्था लगायतसंग वालबालिकाको विषयमा परिणाममुखी कार्य गर्न आवश्यक समन्वय, सहकार्य र साझेदारी गरिनेछ ।

७.७.३ आमसंचार माध्यमलाई वालमैत्री तथा वालसंवेदनशिल वनाउन सहजीकरण गरिनेछ ।

**८. रणनीति तथा कार्यनीति**
१.१.१ गाउँपालिकामा सम्पन्न गरिने तालिमहरुमा बालअधिकार तथा वालसंवेदनशिलता सम्वन्धी विषयलाई समेत समावेश गर्ने तथा यस सम्वन्धमा आम सचेतनाका कार्यक्रमहरु गर्ने, आमसंचार माध्यमवाट जानकारी प्रवाह गर्ने ।

१.२.१ स्थानीय स्वास्थ्य संस्थाको नियमित अनुगमन गर्ने तथा आधारभूत स्वास्थ्य सेवा, औषधी तथा खोपको सुनिश्चितताका लागि समयमै सो को आपूर्ति तथा वितरण व्यवस्थित गर्ने ।

१.३.१ स्थानीय उत्पादनका खाद्य सामग्रीवाट पोषणयुक्त र स्वादिलो खाना वनाउन सकिने बारे सचेतना एवम् सीपमूलक कार्यक्रम संचालन गर्ने ।

२.१.१ बालबालिकामाथि हुने यौन शोषण तथा दुर्व्यवहार, श्रमशोषण, बेचविखन तथा ओसारपसार आदी र यसबाट बच्ने उपायबारे बालबालिका स्वयम् लगायत अभिभावक, शिक्षक, विभिन्न सेवाप्रदायकहरु, समुदायमा आधारित संघसंस्था वा समूह आदि बीच सचेतना अभिवृद्धिका साथै आमसंचार माध्यमबाट समेत जानकारी प्रवाह गर्ने ।

२.१.२ बालबालिकामा आफूविरूद्ध हुने वा हुनसक्ने शोषण तथा दुर्व्यवहार विरूद्ध प्रतिकार गर्न सक्ने सीप तथा क्षमताको विकास गर्ने तालिम, अन्तरक्रिया, सचेतना कार्यक्रमहरु गर्ने ।

२.१.३ शिक्षण संस्था, स्वास्थ्य सेवा प्रदायक लगायत बालबालिकासँग सम्पर्कमा आउने सेवाप्रदायकले यौनशोषण तथा दुर्व्यवहारको लक्षण पहिचान गर्ने तथा उजुरी गर्ने क्षमता अभिवृद्धि गर्ने, सचेत गर्ने तथा त्यस्ता उजुरीको सुनुवाई छिटोछरितो र बालमैत्री बनाउन पहल गर्ने ।

२.१.४ विद्यालय तथा समुदायमा बालअधिकारको प्रवर्द्धन गर्न र बालदुर्व्यवहार तथा हिंसा न्युनीकरणका लागि प्रत्येक विद्यालयमा बालसंरक्षण सम्पर्क शिक्षकको व्यवस्था गरी क्षमता विकास गरिनेछ र बाल संरक्षण द्वारपालकको रुपमा विकास गरिनेछ । गाँउ पालिका भरीका विद्यालयहरुमा बालसंरक्षणका गतिविधीलाइ सशक्त बनाउन तथा एकापसमा सिकाई र अनुभवको आदनप्रदान गर्ने हेतुले तालिम प्राप्त सम्पर्क शिक्षकहरुको बिचमा पालिका स्तरीय बालसंरक्षण शिक्षक सन्जाल गठन गरी बालसंरक्षण अभियानलाई सशक्त बनाइनेछ । बालसंरक्षण सम्पर्क शिक्षकको आधारभूत काम कर्तव्य र अधिकारहरुको नमुना अनुसुची ६ मा राखिएको छ ।

२.२.१ बालश्रम हुने सम्भावित निजी तथा व्यावसायिक क्षेत्रको नियमित अनुगमन गरी बालबालिकाको उद्धार, पुनर्स्थापना गर्ने र श्रमशोषण गर्नेलाई कारवाही गर्ने ।

२.२.२ बालबालिकालाई बालश्रममा आउनबाट रोक्न विद्यालय बाहिर भएका बालबालिकाको परिवारसँग समन्वय गरी निजलाई विद्यालयमा भर्ना गरी औपचारिक शिक्षाको निरन्तरता गराउन सहजीकरण गर्ने ।

२.२.३ बालश्रमको जोखिममा रहेका सबै बालबालिकाको स्थितिको निरन्तर अनुगमन गर्ने र आधारभूत आवश्यकता पूर्तिका लागि सहयोग गरी विद्यालय निरन्तरताको वातावरण निर्माण गर्ने ।

२.२.४ बालश्रमको प्रयोग निरुत्साहन गर्न राज्यश्रोत खर्च हुने कुनैपनि निर्माण कार्य, विभिन्न सेवा तथा सामग्रीमा 'बालश्रम प्रयोग हुन दिइनेछैन, बालश्रम प्रयोग भएका कुनैपनि सेवा वा सामग्री उपयोगमा नल्याउने ।

२.३.१ बाबुआमा विहीन, अनाथ, बेवारिस बालबालिकाको विवरण संकलन गरी सकेसम्म आफ्नै समुदायमा रहनसक्ने वातावरण सिर्जना गर्न आवश्यक सहयोग गर्ने तथा बैकल्पिक हेरचाहको व्यवस्था गर्ने । गाउँपालिका भित्र संचालित आवासीय बालगृहहरुको नेपाल सरकारले तोकेको न्यूनतम मापदण्ड समेतका आधारमा नियमित अनुगमन गर्ने ।

२.४.१ वाल विवाहको आर्थिक, सामाजिक तथा स्वास्थ्य एवम् व्यक्तित्व विकाससम्वन्धी असर र कानुनी प्रावधान आदिवारे विशेषत: किशोर किशोरी लगायत लक्षित समुदाय पहिचान गरी सचेतना गर्ने, समाजका धार्मिक गुरुहरु, परम्परागत संगठनका प्रमूखहरु लगायतका अगुवालाई सहभागी गराउने। यस्ता कार्यको सामाजिक वहिस्कार गर्ने र घटनालाई नलुकाई कानूनी कारवाही गर्ने ।

२.४.२ वालविवाहको घटनाको सम्भावनाको आङ्कलन गर्न तथा विवाह हुन लागेको जानकारी दिने कामका लागि टोल-टोलमा समूहहरू (बालबालिका, युवा तथा आमासमुह आदि) परिचालन गर्ने तथा वालविवाह गर्न वा गराउन लागेको अवस्थामा सम्वन्धित परिवार तथा बालवालिकालाई सम्झाइ बुझाइ गरी तथा आवश्यक सहयोग, सेवा उपलब्ध गराई वालविवाह नगर्ने वातावरण निर्माण गर्ने ।

२.४.३ वालविवाहमुक्त वडा तथा गाउँपालिकाको घोषणा गर्ने ।

२.५.१ अपाङ्गता भएका बालबालिकाको लेखाजोखा, तथ्याङ्क संकलन, सूचना र अवस्थाको एकिन गरी अपांग परिचयपत्र वितरणको सुनिश्चितता गर्ने,

२.५.२ सार्वजनिक सेवा प्रदायक निकायहरु (विद्यालय, स्वास्थ्य चौकी, गाउँपालिका, वडा कार्यालय, सेवा प्रदायक कार्यालयहरु आदि) संरचनाहरु अपांगता मैत्री बनाउने ।

२.६.१ विपद् प्रभावित बालबालिकालाई तत्काल खाना, बसोवासको सुरक्षित प्रवन्ध मिलाउनुका साथै विपद्का कारण शिक्षा तथा स्वास्थ्यबाट बञ्चित बालबालिकाको शैक्षिक निरन्तरता तथा स्वास्थ्य उपचारका लागि आवश्यक सहयोग गर्ने ।

२.७.१ विद्यालयमा भयरहित वातावरणमा सिक्ने तथा सिकाउने अवस्थाको विकास गर्न विद्यालय व्यवस्थापन समिति, शिक्षक, विद्यार्थी तथा अभिभावकमा शारीरिक तथा मानसिक दण्डसजायँको नकारात्मक प्रभावका वारेमा सचेतना अभिवृद्धि गर्ने तथा सहकार्य गर्ने र विद्यालयलाई शान्तिक्षेत्र घोषणा गर्ने ।

२.७.२ सकारात्मक सिकाई पद्धति (सकारात्मक अभिभावकत्व, सकारात्मक वा भयरहित शिक्षण सिकाई) वारे शिक्षक तथा अभिभावक समेतलाई तालिम, सीप विकास गर्ने तथा विद्यालयको अनुगमनमा यस पक्षलाई प्राथमिकता दिने ।

२.७.३ प्रत्येक विद्यालयमा एकजना बालसंरक्षण सम्पर्क शिक्षकको व्यवस्था गरी क्षमता विकास गराउने । हरेका विद्यालयमा कम्तिमा एक जना शिक्षकलाई बालबालिकाको मनोसामाजिक समस्या पहिचान गर्नसक्ने तथा सोको प्राथमिक उपचार गर्नसक्ने क्षमता विकासका लागि मनोबिमर्श सेवासम्बन्धी सीपमूलक तालिमको व्यवस्था गरी सो सम्बन्धी सेवा प्रवाहको अनुगमन गर्ने ।

२.७.४ बालबालिकाका लागि सुर्तीजन्य पदार्थ, मद्यपान तथा लागू पदार्थकाको प्रयोगलाई निषेधित रहेको तथा यसबाट स्वास्थ्यमा तथा जीवनवृत्तिमा पर्ने असरबारे सचेत गर्ने एवम् सूर्तिजन्य पद्रार्थसम्वन्धी ऐन, २०६८ बमोजिम बालबालिकालाई किन्न वा वेच्न नपाउने कुरा प्रत्येक पसलमा

लेख्न लगाउने, विद्यालय तथा स्वास्थ्य संस्था वरपर सुर्तीजन्य पदार्थ, मद्यपानका सामग्री बेच्न नपाउने व्यवस्था गर्ने ।

२.८.१ गाउँपालिकाका सवै पदाधिकारी, कर्मचारी तथा गाउँपालिकाका गतिविधिहरु संग प्रत्यक्ष सम्वन्धीत हुने सेवा प्रदायक, विशेषज्ञ, परामर्शदाता लगायतका लागि बालसंरक्षण मापदण्डको जानकारी गराई सो पालनाको प्रतिवद्धता लिइने ।

२.८.२ गाउँपालिकाले आफ्नो भौगोलिक क्षेत्र भित्रका बालबालिकासँग प्रत्यक्ष काम गर्ने सबै सार्वजनिक निकाय तथा निजी क्षेत्र एवं सामाजिक संस्थाहरूलाई कार्यप्रकृति अनुरुपका विषयसमेत समावेश गरी हरेक संघसंस्था, निकायको बालसंरक्षण मापदण्ड बनाई लागु गर्न सबैलाई परिपत्र गर्ने तथा सो को कार्यान्वयन अवस्थाका बारेमा बालअधिकार समितिबाट नियमित अनुगमन गर्ने ।

३.१.१ गाउँपालिका भित्र रहेका विद्यालय तथा समुदायमा आधारित बालक्लवहरुको सूचीकरण गर्ने र आवश्यकता अनुसार गठन गर्ने तथा सोको क्रियाशिलताको लागि सहयोग गर्ने ।

३.२.१ गाउँपालिका भित्र बालबालिकासंग सम्वन्धित हुने विभिन्न क्रियाकलाप, समिति, उपसमितिहरुमा आवश्यकतानुरुप बालबालिकालाई सहभागी गराउने ।

३.२.२ वडा तथा गाउँपालिका स्तरीय नीति निर्माण तथा योजना, कार्यक्रम तर्जुमाको क्रममा बालबालिकासम्वन्धी विषयवस्तुका लागि बालबालिकासंग छलफल गरी उनीहरुको उपयुक्त विचार वा सुझावलाई समावेश गर्ने ।

३.२.३ बालबालिकाको सहभागिताका बारेमा विद्यालय, अभिभावक, समुदाय तथा बालबालिका समेतलाई सचेतना अभिवृद्धि गर्ने ।

४.१.१ गाउँपालिकामा बालसंरक्षणका लागि विस्तृत रुपमा तल व्यवस्था गरिए बमोजिम संरचनाहरु गठन गर्ने तथा क्रियाशिलता बढाउने ।

- हेलम्बु गाउँपालिका बालअधिकार समिति
- वडा बालअधिकार समिति
- विद्यालय स्तरीय गुनासो सुनुवाई उपसमिति (मावि)
- गाउँपालिका स्तरीय बालसंरक्षण शिक्षक सन्जाल
- गाउँपालिकाको कार्यालयमा बालकल्याण अधिकारीको व्यवस्था तथा इकाई स्थापना

५.१.१ वालमैत्री स्थानीय शासन राष्ट्रिय रणनीति तथा कार्यविधिमा उल्लेख भएनुसार बालमैत्री स्थानीय शासन गाउँ समिति तथा वडा समिति गठन गरी परिचालन गर्ने ।

६.१.१ गाउँपालिकाको वालवालिका सम्वन्धी शाखा वा इकाईमा वालवालिका सम्वन्धी समग्र तथ्य तथ्यांक तथा सूचना जानकारी डिजिटल रुपमा राख्ने तथा यसका लागि अन्य निकाय तथा संघसंस्थाहरुसंग सहकार्य गर्ने ।

६.२.१ प्रत्येक वडामा वालवालिका सम्वन्धी तथ्याङ्क तथा सूचना, जानकारीको अध्यावधिक गरी दुरुस्त राख्ने व्यवस्थाका लागि वडा सदस्य तथा स्थानीय स्तरमा कार्यरत संघसंस्था लगायतको सहभागितामा सूचना व्यवस्थापन टोली वनाई अभिलेख व्यवस्थित गर्ने ।

६.२.२ वालवालिकासंग सम्वन्धित विशेषतः वालसंरक्षणको क्षेत्रमा आवश्यकतानुरुप अध्ययन अनुसन्धान गर्ने, गराउने ।

६.३.१ प्रत्येक वर्ष गाउँपालिका भरीको बालबालिका सम्वन्धी तथ्यांक, सूचना, जानकारी सहितको वालवालिका सम्बन्धी वार्षिक स्थिति प्रतिवेदन राष्ट्रिय वालदिवसको अवसरमा प्रकाशित गर्ने ।

६.४.१ अनाथ तथा जोखिमयुक्त बालबालिकाका लागि सामाजिक सुरक्षा कार्यक्रम संचालन गर्न बाल कोषबाट प्रत्येक वडाका बढीमा १० जना बालबालिकालाई मासिक रु ५००।- का दरले नगद प्रदान गरिनेछ ।
६.५.१ जन्मजात अपांगता हुने तथा भविष्यमा अपाँगता हुनसक्ने बालबालिका र आमाको स्वास्थ्य सुरक्षाको जोखिम न्युनीकरणका लागि गर्भावास्थामा मदिरापानलाई निषेध गर्न मातृशिसु स्वास्थ्य शिक्षालाई प्राथमिकता दिईनेछ ।

७.१.१ बालबालिकाको अवस्था र प्राथमिकता दिनुपर्ने क्षेत्र तथा विषयका बारेमा सरोकारवाला निकायहरुलाई नियमित रुपमा सूचना प्रवाह गर्नुका साथै सो निकायका योजना तर्जुमा देखि कार्यान्वयन तहका पदाधिकारी एवम् कर्मचारी बीच बालसंवेदनशिलताका बारेमा छलफल, अन्तरक्रियाहरु गर्ने ।

७.२.१ गाउँपालिका भित्र बालबालिकाको क्षेत्रमा क्रियाशिल संघसंस्थाहरु बीच आवश्यक समन्वय, सहकार्य र सूचना आदानप्रदान लगायतका लागि आवश्यकता अनुसार समन्वय बैठक गर्ने ।

७.३.१ आमसंचार माध्यममा बालबालिका सम्बन्धी विषयलाई बालअधिकार सम्मत रुपमा प्राथमिकताका साथ स्थान दिन संचारकर्मी बीच बालसंवेदनशिलता सम्बन्धी अभिमूखिकरण गर्ने, समन्वय तथा सहकार्य गर्ने ।

## ९. संस्थागत संरचना

### ९.१ गाउँ बालअधिकार समिति

९.१.१. वालवालिका सम्वन्धी ऐन २०७५ को दफा ६० (२) ले निर्दिष्ट गरे बमोजिम बालबालिकाको अधिकार तथा हक हितको संरक्षण र सम्वर्द्धन गर्नका लागि गाउँ कार्यपालिकाका तोकिएका सदस्यको अध्यक्षतामा देहाय बमोजिमको हेलम्बु गाउँ बालअधिकार समिति गठन गरिनेछः ।

(क) अध्यक्षः उपाध्यक्ष वा निजले तोकेको कार्यपालिकाको सदस्य — १ जना
(ख) सदस्यः शिक्षक महासंघको प्रतिनिधि — १ जना

(ग) सदस्यः स्वास्थ्य शाखा प्रमूख वा निजले तोकेको प्रतिनिधी १ जना
(घ) सदस्यः सम्वन्धित पालिकामा वालअधिकारको क्षेत्रमा कार्यरत गैर सरकारी संस्थाहरुमध्येवाट २ जना
(ङ) सदस्यः गाउँ शिक्षा समिति प्रतिनिधी १ जना
(च) सदस्यः गाउँपालिकाको वालक्लव/वाल संजालका प्रतिनिधी (१ वालक, १ वालिका) २ जना
(छ) सदस्यः सामाजिक कार्यमा क्रियाशिल व्यक्तिहरु मध्येबाट (आदिवासी, जनजाति, अल्पसंख्यक, दलित तथा पिछडिएका वर्ग समुदायको यथासम्भव प्रतिनिधित्व हुनेगरी) कम्तिमा १ महिला सहित ३ जना
(ज) सदस्यः सम्वन्धित गाउँपालिकामा रहेको प्रहरी कार्यालयको प्रमुख १ जना
(झ) सदस्यः गाउँपालिकामा रहेका पत्रकार महासंघका प्रतिनिधि १ जना
(ञ) सदस्यः अपाँगता भएका व्यक्तिहरुको सन्जालबाट १ जना
ट) सदस्यः बालसंरक्षण शिक्षक सन्जालका प्रतिनिधी (१ महिला सहित) २ जना
(ट) सदस्य सचिवः बालकल्याणं अधिकारी वा गाउँपालिकाको बालबालिका सम्वन्धी शाखा वा इकाईको प्रमुख १ जना

जम्मा १७ जना

९.१.२. गाउँपालिकाको अध्यक्षले गाउँ बालअधिकार समितिको संरक्षकको भूमिकामा नियमित सहभागी भई सो समितिको क्रियाशिलतामा थप योगदान पुऱ्याउने छन् तथा आवश्यकतानुरुप अन्य संघ, संस्था, निकाय एवम् पेशागत संगठनका प्रतिनिधि तथा सक्रिय व्यक्तिहरुलाई आमन्त्रित सदस्यका रुपमा सहभागी गराउन सकिने छ ।

९.१.३. गाउँ बालअधिकार समितिका पदाधिकारीहरुको कार्यकाल चार वर्षको हुनेछ र निजहरु पुनर्नियुक्तिको लागि ग्राह्य हुनेछन् ।

**९.१.४. गाउँ बालअधिकार समितिको काम, कर्तव्य र अधिकार**

(क) बालबालिकाको क्षेत्रमा स्थानीय आवश्यकता पहिल्याई, प्राथमिकीकरण गरी संघीय तथा प्रदेश सरकार एवम् निकाय र स्थानीय सरकारका विभिन्न निकायहरुका साथै विकासका साझेदार संस्थासँगको समन्वयमा समुदायमा आधारित कार्यक्रमहरुको तर्जुमा र कार्यान्वयन गर्न गराउन आवश्यक समन्वय गर्ने, बालबालिकासँग सम्बन्धित योजना तर्जुमा, कार्यक्रमको रेखदेख, अनुगमन, मूल्याङ्कन र निरीक्षण गर्ने ।
(ख) गाउँपालिका भित्रका विशेष हेरचाह र संरक्षणको आवश्यकता भएका बालबालिका तथा सवै प्रकारका बालबालिका सम्बन्धी तथ्याङ्क संकलन, अद्यावधिक गर्ने तथा अभिलेख दुरुस्त राख्ने कार्य गर्ने गराउने ।
(ग) गाउँपालिकामा तथा जिल्लामा बालबालिकाको क्षेत्रमा कार्यरत संघ संस्था, बालक्लब, आपतकालिन बालसंरक्षण केन्द्र लगायतका निकायहरुको फेहरिस्त तयार पार्ने र यस्ता निकायहरुसँग आवश्यक समन्वय, सहकार्य र साझेदारी गरी बालअधिकारको संवर्द्धनात्मक र संरक्षणात्मक कार्यहरु गर्ने गराउने ।
(घ) गाउँपालिका भित्र रहेका बालअधिकार विपरित हुने हानिकारक गलत परम्परागत अभ्यास तथा कुप्रथा हटाउन सम्बन्धित संघसंस्था, निकाय, व्यक्तिहरु लगायतसंग सुझाव सङ्कलन

गरी त्यस्तो कुप्रथा हटाउने कार्यमा सामाजिक कार्यकर्ता, गैरसरकारी संघसंस्था, अन्य निकाय तथा समुदायहरुलाई प्रोत्साहन तथा सहयोग गर्ने ।

(ङ) गाउँपालिका भित्र सञ्चालित बाल गृह, बालसुधार गृह, अनाथालय, आपत्कालिन संरक्षण केन्द्र तथा विशेष शिक्षा कक्षा लगायतको निरीक्षण, अनुगमन गरी मापदण्डनुरुप संचालन गर्न गराउन आवश्यक निर्देशन एवं सुझाव दिने ।

(च) बालअधिकारको संरक्षण र संवर्द्धनका निमित्त आम सचेतना अभिवृद्धि, जागरण अभियान संचालन गर्ने ।

(छ) बालबालिकासंग सम्बन्धित विभिन्न राष्ट्रिय तथा अन्तरराष्ट्रिय दिवसहरु बालबालिका तथा सबै सरोकारवालाहरुको सहभागिता, समन्वय तथा सहकार्यमा मनाउने ।

(ज) बालअधिकार हनन्का सम्बन्धमा संचारमाध्यम लगायत कुनै पनि माध्यमबाट प्राप्त सूचना, जानकारी, उजुरीहरुका बारेमा आवश्यक अनुगमन गरी, गराई सोको उचित संबोधनका लागि सम्बन्धीत निकायमा सिफारिश गरी पठाउने एवं समन्वयकारी भूमिका निर्वाह गर्ने तथा आवश्यकता अनुरुप जोखिममा रहेको बालबालिकाको तत्काल उद्धार, संरक्षण गर्ने गराउने ।

(झ) बालबालिकाको निमित्त आकस्मिक सहयोग तथा दिगो विकासका लागि श्रोत (आर्थिक, भौतिक तथा मानवीय) व्यवस्थापनका लागि अग्रसर रही विभिन्न तहमा समन्वय, सहकार्य गर्ने ।

(ञ) अनधिकृत व्यक्ति, संस्था तथा निकायले बालबालिकामा दीर्घकालीन प्रभाव पर्ने विषयमा आफूखुसी निर्णय गर्ने वा बालबालिका सम्बन्धी विभिन्न घटना लुकाउने जस्ता कार्यहरू हुन नदिन आवश्यक अनुगमन गर्ने ।

(ट) विभिन्न निकाय तथा संस्थाहरुका कार्यलाई बालकेन्द्रीत तथा बालसंवेदनशिल बनाउन क्षमता अभिवृद्धि तथा चेतनामूलक कृयाकलाप गर्ने ।

(ठ) बालबालिकाको हकहितको संरक्षण तथा शारीरिक र मानसिक विकास सम्बन्धी अन्य आवश्यक देखिएका कार्यहरु गर्ने ।

(ड) समय समयमा वडा बालअधिकार समितिको कामको अनुगमन अनुगमन गरी आवश्यक सल्लाह सुझाव दिने ।

**९.१.५ उपसमिति वा कार्यटोली गठन गर्न सक्ने :**

गाउँ बालअधिकार समितिले आफूले गर्नुपर्ने कुनै काम सुचारुरुपले गर्नको निमित्त सम्बन्धीत विशेषज्ञ तथा सामाजिक कार्यकर्ताहरुसमेत समावेश गरी काम, कर्तव्य र अधिकार तथा कार्यविधि तोकी आवश्यकतानुसार उपसमिति वा कार्यटोली गठन गर्न सक्नेछ ।

**९.१.६ बैठकसम्बन्धी कार्यविधि :**

(क) गाउँ बालअधिकार समितिको बैठक आवश्यकतानुसार समितिको अध्यक्षले तोकेको मिति, समय र स्थानमा बस्नेछ ।

(ख) गाउँ बालअधिकार समितिको कूल सदस्य संख्याको ५१ प्रतिशत सदस्यहरु उपस्थित भएमा गाउँ बालअधिकार समितिको बैठकको लागि गणपूरक संख्या पुगेको मानिनेछ ।

(ग) गाउँ वालअधिकार समितिको वैठक सकेसम्म समितिका संरक्षक तथा गाउँपालिकाको अध्यक्षको उपस्थितिमा गाउँ वालअधिकार समितिको अध्यक्षको अध्यक्षतामा वस्नेछ र निजको अनुपस्थितिमा उपस्थित सदस्यहरुले आफूमध्येवाट छानेको सदस्यले वैठकको अध्यक्षता गर्नेछ ।
(घ) गाउँ वालअधिकार समितिको वैठकसम्वन्धी अन्य कार्यविधि गाउँ वालअधिकार समिति आफैले निर्धारण गरेवमोजिम हुनेछ ।

**९.१.७. वार्षिक प्रतिवेदन प्रकाशित गर्ने :** गाउँ वालअधिकार समितिले वालवालिकाको स्थिति सम्वन्धी वार्षिक प्रतिवेदन राष्ट्रिय वाल दिवशमा प्रकाशन गरी प्रदेश वालअधिकार समिति र राष्ट्रिय वालअधिकार समितिमा पेश गरिनेछ ।

९.२. वडा वालअधिकार समिति : गाउँपालिकाका सबै वडाहरुमा बालवालिकाको अधिकार तथा हक हितको संरक्षण र सम्वर्द्धन गर्नका लागि देहाय बमोजिमको वडा बालअधिकार समिति रहनेछ:

| | | |
|---|---|---|
| (क) संयोजक: वडाअध्यक्ष | | १ जना |
| (ख) सदस्य: | वडा समितिका महिला वा दलित महिला सदस्यमध्येबाट | १ जना |
| (ग) सदस्य: | प्रधानाध्यापक वा बाल संरक्षण शिक्षक सन्जाल सदस्य | १ जना |
| (घ) सदस्य: | वडा स्तरी स्वास्थ्य संस्थाको प्रमुख वा प्रतिनिधी | १ जना |
| (ङ) सदस्य: | सम्वन्धित वडामा बालअधिकारको क्षेत्रमा कार्यरत गैरसरकारी संस्थाहरु मध्येबाट समितिले मनोनित गरेको | १ जना |
| (च) सदस्य : | महिला स्वास्थ्य स्वयंसेविका हरुमध्येबाट | १ जना |
| (छ) सदस्य: | बालक्लव, बालसमुहहरु मध्येबाट बालक १ र बालिका १ गरी | २ जना |
| (ज) सदस्य: | अपाँगता भएका व्यक्तिहरुको समुह, सन्जालबाट | १ जना |
| (झ) सदस्य: | स्थानीय प्रहरी कार्यालय/चौकीको प्रतिनिधि | १ जना |
| (ञ) सदस्य सचिव: वडा सचिव | | १ जना |
| | | जम्मा : ११ जना |

९.२.१. वडा बालअधिकार समितिका पदाधिकारीहरुको कार्यकाल चार वर्षको हुनेछ र निजहरु पुनर्नियुक्तिको लागि ग्राह्य हुनेछन् ।

**९.२.२ वडा बालअधिकार समितिको काम, कर्तव्य र अधिकार:**

(क) वडामा विशेष हेरचाह र संरक्षणको आवश्यकता भएका बालबालिका लगायत तथा सबै वालकालिकाको तथ्यांक संकलन गर्ने, अद्यावधिक गर्ने र अभिलेख दुरुस्त राखी गाउँ वालअधिकार समितिमा पेश गर्ने ।

(ख) वडामा बालबालिकाको क्षेत्रमा कार्यरत संघ संस्था, बाल क्लव, बालसमूह लगायतका निकायहरुको फेहरिस्त तयार पार्ने र यस्ता निकायहरुसँग आवश्यक समन्वय, संहकार्य र साझेदारी गरी बाल अधिकारको संबर्द्धनात्मक र संरक्षणात्मक कार्यहरु गर्ने गराउने ।

(ग) वालबालिकाको क्षेत्रमा स्थानीय आवश्यकता पहिचान गरी स्थानीय सरकारका विभिन्न निकायहरु र विकासका साझेदार संस्थासँगको समन्वयमा समुदायमा आधारित कार्यक्रमहरुको तर्जुमा र कार्यान्वयन गराउन आवश्यक समन्वय गर्ने, बालबालिकासँग सम्वन्धित योजना तर्जुमा, कार्यक्रमको रेखदेख, अनुगमन, मूल्याङ्कन र निरीक्षण गर्ने ।

(घ) वालअधिकारको संरक्षण र सम्वर्धनका निमित्त चेतना अभिवृद्धि, जागरण अभियान संचालन गर्ने, वालवालिका सम्वन्धी दिवसहरु मनाउने तथा सो सन्दर्भमा वालवालिकाको निम्ति रचनात्मक, सिर्जनात्मक कार्यक्रमहरु गर्ने गराउने ।

(ङ) स्थानीय संघसंस्थालाई वालवालिकाको क्षेत्रमा कार्य गर्न उत्प्रेरणा, समन्वय र साझेदारी गर्ने ।

(च) वालअधिकार हनन्का सम्वन्धमा आएका सूचना तथा उजुरीहरुलाई सम्वन्धित निकायमा सिफारिश गरी पठाउने एवं वालवालिकाको उद्धार, संरक्षणका लागि समन्वयकारी भूमिका निर्वाह गर्ने, सहयोग गर्ने ।

(छ) वडाको योजना निर्माण तथा श्रोत विनियोजनको क्रममा तथ्यमा आधारित भई वालवालिकाको विषयलाई प्राथमिकतामा राख्न तथा क्रियाकलापहरु तय तथा संचालन गर्न वडासमितिलाई सहयोग गर्ने ।

(ज) वडामा बालअधिकारको संरक्षण सम्वर्द्धनका लागि अन्य आवश्यक देखिएका कार्य गर्नुका साथै वडामा बालबालिका सम्वन्धी सम्पन्न कार्यक्रम कार्यान्वयनको प्रगति गाउँपालिकामा पेश गर्ने ।

(झ) आफ्नो वडा लाई बालमैत्री स्थानीय शासन वडा घोषणा गर्न सरोकारवाला निकायहरुसंग सहकार्य गर्ने ।

### ९.२.३ समितिको वैठकसम्बन्धी कार्यविधिः

(क) समितिको वैठक आवश्यकता अनुसार वस्नेछ ।

(ख) समितिको वैठकमा बालबालिकाको क्षेत्रमा कार्यरत व्यक्तिलाई आमन्त्रण गर्न सकिनेछ ।

(ग) समितिको वैठकमा कम्तिमा ५१ प्रतिशत सदस्य उपस्थित भएमा गणपुरक संख्या पुगेको मानिनेछ । वहुमतको निर्णयलाई वैठकको निर्णय मानिनेछ ।

(घ) वडाभित्र आवश्यकताका आधारमा वडा बाल अधिकार समितिलाई सहयोग गर्न समुदाय स्तरमा वढीमा ७ सदस्यीय समुदाय बाल संरक्षण समितिहरु गठन गर्न सकिने छ । सो समितिको संयोजक वडा वालअधिकार समितिले मनोनित गर्नेछ । उक्त समितिमा बालक्लव, शिक्षक, विद्यालय व्यवस्थापन समिति, स्वास्थ्य कार्यकर्ता/स्वास्थ्य स्वयम सेविका, स्थानीय बालअधिकार अभियन्ता मध्येबाट रहनेछन् । यो समितिको पदावधि ४ वर्षको हुनेछ । यसको उत्तरदायित्व वडा समितिमा निहित रहनेछ ।

### ९.३. वालमैत्री स्थानीय शासन सम्वन्धी समिति

वालमैत्री स्थानीय शासन राष्ट्रिय रणनीतिनुरुप क्रमशः वडाहरु र समग्र गाउँपालिकालाई नै बालमैत्री घोषणा गर्न उक्त रणनीतिले निर्दिष्ट गरे अनुसार बालमैत्री स्थानीय शासन गाउँ समिति तथा वडा समिति एवम् आवश्यकता अनुरुप बालमैत्री स्थानीय शासन समुदाय स्तरीय समितिहरु गठन गरिनेछ ।

### ९.४. गाउँपालिकामा बालबालिकासम्बन्धी शाखा

वालवालिका सम्वन्धी कार्यलाई व्यवस्थित गर्न गाउँ पालिकामा बालबालिकासम्वन्धी शाखा/इकाई तथा सम्पर्क व्यक्ति तोकिने छ र बालअधिकारको संरक्षण सम्वर्द्धनका निमित्त सो शाखा/इकाई तथा सम्पर्क व्यक्ति एवम् कर्मचारीहरुको क्षमता अभिवृद्धिलाई प्राथमिकता दिइनेछ ।

## ९.५ विद्यालय बालसंरक्षण तथा गुनासो सुनुवाई समिति

विद्यालयमा बालवालिकाको अधिकार तथा हकहितको संरक्षण प्रवर्धनका साथै बालबालिका सम्बन्धी समस्या तथा गुनासोहरुको सुनुवाई गरी सोको बालअधिकार सम्मत रुपमा सम्बोधन गर्नका लागि सबै माध्यमिक विद्यालयहरुमा अनिवार्य रुपमा बालसंरक्षण तथा गुनासो सुनुवाई समितिहरु रहनेछन् । विद्यार्थी संख्या तथा स्थानीय आवश्यकताका आधारमा अन्य विद्यालयहरुमा पनि यो समिति गठन गरी परिचालन गरिनेछ । विद्यालय बालसंरक्षण तथा गुनासो सुनुवाई समितिको गठन तथा काम, कर्तव्य तोकिए बमोजिम हुनेछ ।

९.५.१. विद्यालय बालसंरक्षण तथा गुनासो सुनुवाई समितिका पदाधिकारीहरुको कार्यकाल विद्यालय व्यवस्थापन समितिको सो सरह हुनेछ र निजहरु पुनर्नियुक्तिको लागि ग्राह्य हुनेछन् ।

### ९.५.२ गुनासो सुनुवाई उपसमिति

हरेक विद्यालयमा बालसंरक्षण समितिको प्रत्यक्ष निगरानी रहने गरी गुनासो सुनुवाइ उपसमिति रहनेछ ।

| | |
|---|---|
| संयोजक : शिक्षक अभिभावक संघका अध्यक्ष | १ जना |
| सदस्य : विद्यालय बाल क्लवका अध्यक्ष | १ जना |
| सदस्य सचिब : बालसंरक्षण सम्पर्क शिक्षक | १ जना |

यस उपसमितिले अनिवार्य रुपमा सबै बालवालिकाको पहुँच स्थापित हुने र सुरक्षित स्थानमा सुझाव पेटिकाको व्यवस्था गर्नेछ । उक्त पेटिकामा आएका सुझाव वा गुनासोहरुलाई कम्तीमा प्रत्येक महिनामा एक पटक खोली यथोचित सम्बोधन गरिनेछ । उजुरीकर्ताको पहिचानलाई गोप्य र सुरक्षित राखिनेछ । बालबालिका माथी हुने हिँसा, दुर्व्यवहार तथा गम्भीर प्रकृतिका अपराधका सम्वन्धमा गुनासो पेटिकाका उजुरी नपरे पनि सुचनाको आधारमा तुरुन्तै कारवाही अगाडी बढाईनेछ ।

९.५२.१. बिद्यालय गुनासो सुनुवाई समितिका पदाधिकारीहरुको कार्यकाल शिक्षक अभिभावक संघ को सो सरह हुनेछ र निजहरु पुनर्नियुक्तिको लागि ग्राह्य हुनेछन् ।

## ९.६ बालक्लब तथा बालक्लब संजाल गठन एवम् सूचिकृत

वालवालिकाको अर्थपूर्ण वालसहभागिताका लागि बालबालिकाको संरक्षण र सर्वोत्तम हितलाई ध्यानमा राखी विद्यालय तथा समुदाय स्तरमा बालक्लव गठन गर्न तथा आवश्यकता अनुसार पालिका, वडा तथा गाउँ स्तरमा बालक्लबहरुको संजाल स्थापना गर्न प्रोत्साहन संचालन तथा सूचिकृत गरिनेछ ।

## ९.७ न्यायिक समिति

नेपालको संविधान (२०७२) को धारा २१७ अनुसार गठन भएको न्यायिक समितिले वालवालिकासम्वन्धी ऐन, २०७५ ले स्वीकृत गरेका बालवालिकाको अधिकार तथा दायित्वहरू पालन गरे नगरेको सम्वन्धमा सम्वन्धित पक्षको निवेदन उपर सुनवाइ गरी निर्णय गर्ने र उक्त निर्णय कार्यान्वयन गर्ने जिम्मेवारी पाएको छ । वालवालिकासम्वन्धी ऐनले स्वीकार गरेको अधिकारहरूमा बालसंरक्षणका अधिकार पनि पर्ने भएकाले वालवालिकाको बालसंरक्षणसम्वन्धी विषयमध्ये परिच्छेद ८ बमोजिमका बालवालिकाविरूद्धको कसूरका विषय, परिच्छेद ३ बमोजिमका वालन्यायका विषय र प्रचलित कानून बमोजिम प्रहरीमा उजुरी

गर्नु नपर्ने विषय वाहेक अन्य विषय (जसमा बालसंरक्षणसम्बन्धी संस्थागत मापदण्ड लागू गरे नगरेको) मा यस समितिले कारवाही चलाउनेछ ।

**९.८ बालकोषको व्यवस्था :**
गाउँपालिकास्तरमा जोखिममा रहेका बालबालिका तथा हिंसा पिडित बालबालिकाको सहयोगार्थ एक बाल कोष रहनेछ ।

९.८.१ बालकोषका आर्थिक श्रोत निम्न रहनेछन् :

- गाउँपालिकाबाट बार्षिक रुपमा विनियोजीत बजेट ।
- संघ संस्थाबाट प्राप्त हुने सहायता तथा जोड (सम्पुरक) कोष ।
- निजि व्यावसाय तथा व्यक्तिहरुबाट प्राप्त हुने दान, दात्तब्य तथ चन्दा सहायता
- स्थानीय न्यायीक समितिबाट बालबालिकाविरुद्ध हिंसाका घटनामा गरिएको जरिवाना रकम ।
- अन्य तोकिए बमोजिमका आम्दानीहरु

९.८.२ बालकोषको रकम देहायका अवस्थामा गाउँपालिकास्तरीय बालअधिकार समितिको निर्णयबाट खर्च गर्न सकिनेछ :

- हिंसापिडित बालबालिकालाई अधिकतम रु. १० हजार सम्मको घर फिर्ती तथा स्वास्थ्य उपचार सेवाका लागि ।
- हिंसापिडित बालबालिकाको न्यायका लागि अस्थायी आवास, मनोविमर्श, यातायात तथा कानुनी सहायतामा लाग्ने खर्च अधिकतम रु. २५ हजार सम्म ।
- जोखिममा रहेका बालबालिकाका लागि तत्काल राहत, शैक्षिक वृत्ती, स्वास्थ्य सेवा एवं सामाजिक संरक्षण बापत अधिकतम प्रति बालबालिका रु. ६ हजार सम्म ।
- बालकोषको रकम तालिम, गोष्ठी, बैठक भत्ता, भ्रमण तथा अनुगमन एवं प्रशासनिक कार्य र सचेतनाका कार्यक्रमहरुमा खर्च गर्न पाइनेछैन ।
- परिवारमा आधारित हेरचाहको लागि (Foster family support) तोकिएको मासिक साहयता रकम अधिकतम ६ महिना वा अन्य विकल्प नभएसम्म उपलब्ध गराइनेछ ।

९.८.३ बाल कोषको खाता सञ्चालन नेपाल सरकारबाट वित्तीय कारोबार गर्न अनुमती प्राप्त बैकमा खाता खोली सञ्चालन गरिनेछ । बाल अधिकार समितिको निर्णय अनुसार सहायता उपलब्ध गराउने गरी बाल कोषको खाता सञ्चालक गाउँपालिकाका बालकल्याण अधिकारी र लेखापाल रहनेछन् । बालकोषको परिचालन सम्बन्धि थप कुरा स्पष्ट पार्न गाउँ बालअधिकार समितिले कार्यविधी बनाई जारी गर्न सक्नेछन ।

**९.९ बालकल्याण अधिकारीको व्यवस्था :** बालबालिकाको अधिकारको सम्मान, संरक्षण र सम्बर्द्धन गर्न तथा बाल संरक्षणका कार्य समेत गर्नका लागि गाउँपालिकाले एक जना बाल कल्याण अधिकारीको व्यवस्था गरिनेछ । बालकल्याण अधिकारीको काम, कर्तव्य, अधिकार र सेवा सुविधा तोकिए बमोजिम हुनेछ ।

**९.१० बालअधिकार कार्यान्वयन र संरक्षणको नीतिगत मापदण्डहरु :**

९.१०.१ विद्यालयमा बालअधिकार सम्बन्धि नितिगत मापदण्ड

क) विद्यालयका भौतिक पुर्वाधार उमेर अनुरुप बालमैत्री तथा दुर्घटनाबाट सुरक्षित हुनेछ ।

ख) पालिका भित्रका विद्यालय परिसरमा सुरक्षित पर्खाल वा घेराबार लगाई अवाञ्छीत व्यक्ति तथा चौपाया आदिको प्रवेश नियन्त्रण गरिएको हुनेछ ।

ग) विद्यालयमा अवाञ्छित राजनितिक गतिविधि, हस्तक्षेप तथा बालबालिका एवं शिक्षकहरुको दलगत राजनितिक परिचालन निषेधित हुनेछ ।

घ) प्रचलित कानुन बाहेक बिनाकारण विद्यालय उमेरका बालबालिकालाई विद्यालयमा भर्ना हुनबाट रोक्न वा विद्यालबाट निश्कासन गर्न पाइनेछैन ।

ङ) प्रत्येक विद्यालयको पकडक्षेत्रमा १५ विद्यार्थी बराबर एक बालविकास केन्द्र सञ्चालन हुनेछ ।

च) विद्यालयमा शिक्षक-विद्यार्थी प्रशासक एवं अविभावक तथा आगन्तुकहरुले बालबालिकाबिच कुनै पनि भेदभाव, शारिरिक तथा मानसिक एवं यौन हिंसा र दुर्व्यवहार, अवहेलना गर्न निषेध गरिएको छ ।

छ) प्रत्येक विद्यालयमा सफा पिउने पानी, शौचालयमा पर्याप्त पानीको व्यवस्था, किशोरीहरुका लागि महिनावारी प्याड तथा प्राथमिक उपचार बाकसको व्यबस्था एवं जुनीयर रेडक्रस सर्कल सञ्चालन गरिनेछ ।

ज) प्रत्येक विद्यालयले साप्ताहिक रुपमा बालबालिकाको प्रतिभा प्रस्फुटन, सृजना तथा खेलकुद र साहित्यका कार्यक्रम सञ्चालन गर्नुपर्नेछ ।

झ) विद्यालयमा शिक्षा तथा अन्य सुविधाका नाममा धार्मिक द्बेष फैलाउने, धर्म परिवर्तन गर्न लगाउने र फरक जात, समुदाय, सम्प्रदाय तथा संस्कृति प्रति द्बेष तथा घृणा जगाउने कार्य निषेधित गरिएको छ ।

ञ) बिद्यालयमा बेला बेलामा बालबालिकाहरुको शिक्षा र सामाज प्रति हौसला र उत्प्रेरणा जगाउने खालको उत्प्रेरणात्मक कक्षाहरु संचालन गरिनेछ ।

ट) किशोर किशोरी उमेर समुहको बालबालिकालाई यौन तथा प्रजनन स्वास्थ्य सम्बन्धि चेतनामुलक कार्यक्रम संचालन गरी बालविवाह न्युनीकरणको लागि चेतना विस्तार गरिनेछ ।

ठ) बिद्यालयहरुमा विद्यालयसँग सम्बद्ध सरोकारवाला हरुको आचार संहिता बनाई लागु गर्नुपर्नेछ । आचारसंहिताको नमुना अनुसुची १ मा उल्लेख गरिएको छ ।

९.१०.२ स्वास्थ्य संस्थामा बालअधिकार सम्बन्धि मापदण्ड

क) स्वास्थ्य संस्थाको भौतिक पुर्वाधार सरसफाइयुक्त, सुरक्षित र बालमैत्री हुनपर्नेछ ।

ख) स्वास्थ्य संस्थाहरुले अनिवार्य रुपमा न्युनतम महिनाको एक पटक निशुल्क औषधी र परिक्षण सुविधा सहितको विद्यालय स्वास्थ्य शिविर सञ्चालन गर्नेछन् ।

ग) निजी स्वास्थ्य संस्थाहरुले गाउँपालिका भित्रको कुनै एक सार्वजनिक विद्यालय र एक सामुदायिक वस्तीलाई आफ्नो सेवा क्षेत्र मानी नि:शुल्क औषधी तथा उपचार सेवा प्रदान गर्नेछन् ।

घ) स्वस्थ्य कार्यकर्ता तथा स्वयंसेविकाहरुलाई बाल अधिकार, बाल संरक्षण विषयमा प्रशिक्षित र परिचालन गरिनेछ ।

ङ) सामुदायिक तथा सरकारी स्वास्थ्य केन्द्रबाट न्युनतम बार्षिक २ पटक खोप, पोषण तथा मातृशिशु स्याहार सम्बन्धि कार्यक्रम बस्ती तथा विद्यालयस्तरमा सञ्चालन गरिनेछ ।

९.१०.३ गाउँपालिका तथा वडा कार्यालयहरुमा वाल अधिकार सम्वन्धि मापदण्ड

क) गाउँपालिका तथा वडा कार्यालय एवं मातहतका कार्यालयहरुमा अपागंतामैत्री पुर्वाधार निर्माण गरिनेछ

ख) गाउँपालिका तथा वडा कार्यालयका जनप्रतिनिधि तथा कर्मचारीहरुलाई अनिवार्य रुपमा वालअधिकार तथा वालमैत्री व्यवहार र वालमैत्री शासन अभ्यास सम्वन्धि प्रशिक्षण प्रदान गरिनेछ ।

ग) गाउँपालिका तथा वडा कार्यालयहरुले योजना निर्माण, अनुगमन तथा सार्वजनिक सुनवाइका समयमा वाल सञ्जालका प्रतिनिधिहरुलाई अनिवार्य सहभागी गराउनेछन् ।

घ) गाउँपालिका तथा वडा कार्यलयहरुले वाल अधिकार प्रवर्द्धनका लागि शिक्षा र स्वास्थ्यका वजेट अतिरिक्त अनिवार्य रुपमा पुँजीगत बजेटको १० प्रतिशत विनियोजन गर्नेछन् ।

९.१०.४. सार्वजनिक स्थल तथा निर्माणका कार्यमा वाल अधिकार मापदण्ड

क) प्रत्येक वडामा न्युनतम एक वाल उद्यानको निर्माण र सञ्चालन हुनेछ ।

ख) प्रत्येक वडामा एक बाल पुस्तकालय तथा वाचनालयको स्थापना र सञ्चालन हुनेछ ।

ग) गाउँपालिकास्तरमा बाल सृजना केन्द्रको स्थापना हुनेछ ।

घ) सार्वजनिक स्थलहरु मदिरापान, धुम्रपान तथा लागुऔषध निषेधित क्षेत्र कायम हुनेछ ।

ङ) सार्वजनिक स्थलहरुमा अश्लिल सामाग्री चित्र, तस्विर वनाउन, अश्लिल गतिविधी गर्न निषेधित हुनेछ ।

च) सार्वजनिक तथा निजी निर्माण कार्यहरु गरिरहँदा सुरक्षा व्यवस्था अपनाउन, खासगरी बालबालिकाको सुरक्षा सुनिश्चित गर्ने दायित्व निर्माण व्यावसायी, निजि निर्माणकर्ताको हुनेछ ।

९.१०.५ परिवार तथा समुदायमा अवलम्वन गरिने बाल अधिकार सम्वन्धि मापदण्ड

क) प्रत्येक परिवारले आफ्नो परिवारमा जन्मिएका बालवालिकाको जन्मदर्ता प्रचलित कानुन वमोजिम ३ महिनाभित्र गरिदिनुपर्नेछ ।

ख) प्रत्येक परिवारले ३ देखि ५ बर्ष उमेरका बालवालिकालाई प्रारम्भिक बाल विकास तथा ५ देखि १७ बर्ष उमेरका बालबालिकालाई अनिवार्य विद्यालय भर्ना गर्ने र नियमित विद्यालय पठाउनपर्नेछ । ११ बर्ष (४०१५ दिन) उमेर पुरा नगरेका बालबालिकालाई आवशिय विद्यालयहरुको होस्टेल वा अन्य संस्थागत हेरचाहमा पठाइनेछैन ।

ग) कुनै पनि परिवारले आफ्ना बालबालिकामाभ्ह र समुदायका बालबालिका माभ्ह लिंग, जाति, रंग, पारिवारिक हैसियत तथा शारिरिक र यौनिक अवस्थाका आधारमा भेदभाव गर्नेछैन ।

घ) प्रत्येक परिवारले आफ्ना बालबालिकालाई पर्याप्त पोषण, खोप, नियमित स्वास्थ्य सेवा तथा खेल मनोरन्जनको अवसर प्रदान गर्नेछ ।

ङ) कुनै पनि सामाजिक पर्व, विहे, भोज आदिमा बालबालिकाको सुरक्षा र अवसरमा बालबालिकालाई पहिलो प्राथमिकता दिनेछ ।

च) समुदायमा कसैले पनि बालबालिका विरुद्ध हिंसा, शोषण, दुर्व्यवहार गरेमा वा त्यस्ता घट्ना हुन लागेको थाहा भएमा प्रहरी कार्यालय / गाउँ बाल अधिकार समिति वा न्यायिक समितीमा अनुसुची २ वमोजिम उजुरी गर्नुपर्नेछ । यसरी उजुरी प्राप्त भइसकेपछि बालअधिकार समितिले अनुसुची ३ वमोजिम यसको अभिलेख राख्नुपर्नेछ ।

छ) परिवारभित्र अविभावक तथा बाबुआमाले बालबालिकासँग पारिवारिक अवस्था, बालबालिकाको आवश्यक्ता र समस्याहरुका बारेमा नियमित परामर्श गर्नेछन् ।

ज) अविभावक तथा बाबुआमाले बालबालिकाका लागि उपलब्ध गराइएको सामाजिक संरक्षण सुविधा (छात्रवृत्ती, सामाजिक सुरक्षा भत्ता, पोषण भत्ता आदि) सम्बन्धित बालबालिकाको लागि तोकिएको प्रयोजनमा नै लगानी गर्नुपर्नेछ ।

झ) अविभावक तथा बाबुआमाले बालबालिकाको आम्दानी तथा बचतलाई १८ बर्ष उमेर पुरा भए पछि फिर्ता लिन सक्ने गरी नजिकैको सहकारी वा बैंकमा खाता खोली सुरक्षित राखिदिनुपर्नेछ ।

ञ) कुनै पनि अविभावक वा परिवारले आफ्नो परिवारभित्र २० बर्षभन्दा कम उमेरका व्यक्तिको विवाह गराउन हुदैन ।

ट) स्थानीय भाषा, भेषभुषा, संस्कार र संस्कृति सम्बन्धि ज्ञान र शीपको विकास गर्न बालबालिका केन्द्रित कार्यक्रम तय गरी संचालन गरिनेछ ।

९.१०.६ स्थानीय बजार व्यवस्थामा बालअधिकार सम्वन्धि मापदण्ड

क) कुनैपनि विद्यालयभन्दा ५०० मिटरको दुरी भित्र मदिरा, चुरोट तथा सुर्ती लगायतका सामाग्री बिक्रि वितरण तथा उपभोग गर्न निषेध गरिएको छ ।

ख) विद्यालय परिसर वरपर कुनै पनि चलचित्र, मादक पदार्थ, चुरोट रक्सी तथा अश्लिल साहित्यसँग सम्बन्धि तस्विर, होर्डिंग बोर्ड, पोस्टर पाम्प्लेट लगायतका प्रचार प्रसार गर्न निषेध गरिएको छ ।

ग) सार्वजनिक निकाय तथा विद्यालयहरुमा प्रयोग गरिएको इन्टरनेट प्रविधिमा सेवा प्रदायकले अनिवार्य रुपमा अश्लिल तथा वयस्क सामाग्रीहरुको प्रसारण रोक्ने ब्यवस्था गर्नेछ ।

घ) १८ बर्ष भन्दा कम उमेरका बालबालिकालाई सुर्ती, चुरोट तथा मदिराजन्य पदार्थ र अश्लिल साहीत्य तथा सामाग्री विक्री वितरण गर्न निषेध गरिएको छ ।

ङ) बालबालिकाका लागि अस्वस्थकर र हानिकारक भनी प्रमाणित भएका खेलौना तथा खाद्य पदार्थहरु बजारमा बिक्री वितरण गर्न निषेध गरिएको छ ।

च) कुनै पनि उद्योग व्यवसायले १४ बर्ष भन्दा कम उमेरका बालबालिकालाई श्रमिकको रुपमा लगाउन निषेध गरिएको छ ।

छ) स्थानीय सहकारी वा बैंकहरुले बालबालिकालाई उपलब्ध गराएको बचत सेवामा अन्यलाई भन्दा थप सुविधा उपलब्ध गराउनपर्नेछ र त्यस्ता सुविधाबापत प्रचलित कानुनमा तोकिएको बाहेक अन्य कुनै थप सेवा शुल्क लिन पाउने छैन ।

## ११ : बालबालिकाका लागि उपलब्ध सेवाहरु

नेपालको संविधान अनुरुप बाल अधिकारको सुनिश्चितता तथा सर्वोत्तम हितको कार्यान्वयन गर्न गाउँपालिकाले देहायका सेवाहरु उपलब्ध गराउनेछ :

११.१ बालबालिकाको स्वास्थ्य तथा पोषण सम्बन्धि सेवाहरु

क) गर्भवती महिलालाई निःशुल्क रुपमा मासिक स्वास्थ्य सेवा, आइरन चक्कि तथा पति एवं परिवारलाई परामर्श सेवा ।

ख) गाउँपालिकाद्वारा सञ्चालित स्वास्थ्य संस्थाहरुमा निःशुल्क सुत्केरी सेवा तथा तोकिए बमोजिमको पोषणभत्ता ।

ग) नवजात शिशुलाई नियमित स्वास्थ्य जाँच तथा तोकिएको खोप सेवाहरु निःशुल्क उपलब्ध गराइनेछ ।

घ) प्रत्येक वडा तथा विद्यालयमा नियमित बाल स्वास्थ्य शिविर (निःशुल्क परिक्षण तथा औषधी सहित) वार्षिक रुपमा न्युनतम २ पटक आयोजना गरिनेछ ।

ङ) एक परिवारमा ५ वर्ष भन्दा कम उमेरका २ सन्तानलाई तोकिए बमोजिम पोषण भत्ता उपलब्ध गराइनेछ ।

च) अविभावक तथा समुदायमा बाल पोषण, बाल अधिकार, बालबालिकाको लागि लगानीका विषयमा सचेतना कार्यक्रम सञ्चालन गरिनेछ ।

११.२ बालबालिकाको पहिचानसँग सम्वन्धित

क) सबै बालबालिकाको कानुन बमोजिम अनिवार्य जन्म दर्ता गरिनेछ ।

ख) कानुन बमोजिम जन्म दर्ता गर्न बाधा पुगेका बालबालिकाको जन्म प्रमाणीकरण गरिनेछ ।

११.३ बालबालिकाको शिक्षा र विकाससँग सम्वन्धित

क) ५ देख १५ बर्ष उमेरका बालबालिकालाई कुनै पनि आधारमा आधारभुत कक्षामा भर्ना हुन निःशुल्क शिक्षा पाउनबाट बन्चित गरिनेछैन । अपांगता लगाएत जोखिममा रहेका बालबालिकाहरुलाई स्थानीय रुपमा समदायमै समावेशी शिक्षा पाउने अधिकार बाट बन्चित गरिने छैन ।

ख) ३ देखि ५ बर्ष उमेरका बालबालिकालाई अनिवार्य प्रारम्भिक बाल विकास केन्द्रमा भर्ना गरिनेछ

ग) १५ बर्ष भन्दा बढी उमेरका बालबालिकालाई रुची अनुसार प्राज्ञीक विद्यालय वा प्राविधिक विद्यालयमा अध्ययन गर्ने व्यवस्था मिलाइनेछ ।

घ) प्रत्येक वडामा एक बाल उद्यान तथा खेल मैदानको व्यवस्था गरिनेछ ।

ङ) प्रत्येक विद्यालयले साप्ताहिक रुपमा बालबालिका लक्षित सृजनात्मक तथा खेलकुद गतिविधि सञ्चालन गर्नेछन् ।

च) बाल क्लब तथा सञ्जालहरुलाई बालबालिकाको व्यक्तित्व विकासका कार्यक्रमहरु सञ्चालन गर्न, सचेतना कार्यक्रमहरु गर्न तोकिए बमोजिम सहायता प्रदान गरिनेछ ।

छ) बालबालिकालाई प्रविधीमैत्री शिक्षा हासिल गर्न आवश्यक पुर्वाधारको विकास गरिनेछ ।

ज) विद्यालय शिक्षामा नैतिक शिक्षा प्रवर्धन हुने किमिमको पाठ्यक्रम विकास, पाठ्यपुस्तक तयारी तथा व्यावहारिक शिक्षण अभ्यास गरिनेछ ।

११.४ बाल संरक्षणसँग सम्वन्धित

क) बालबालिकाविरुद्ध कुटपिट भेदभाव तथा शिक्षा स्वास्थ्य पोषणबाट बन्चित भएमा वा अधिकार उल्लंघन तथा हनन भएमा न्यायीक समितिबाट निःशुल्क सुनवाइ गरिनेछ ।

ख) हिंसा दुर्व्यवहार प्रभावित बालबालिकाको लागि निःशुल्क अस्थायी संरक्षण, मनोविमर्श तथा कानुनी सहायता प्रदान गरिनेछ ।

ग) बाल बिज्याइ गरेका गाउँपालिकाभित्रका बालबालिकाका लागि निःशुल्क मनोविमर्श तथा कानुनी सहायता प्रदान गरिनेछ ।

घ) हिंसा तथा अपराध पिडित बालबालिकाका लागि पुनर्स्थापना सेवा प्रदान गरिनेछ ।

ङ) गाउँपालिकाभित्र परिवारसँगै बसोबास गरिरहेका बालबालिकालाई क्षमता विकास, खेलकुद प्रतिस्पर्धा, पर्यटन, पारिवारिक भेटघाट तथा परिवारसँग बाहेक स्थानीय वडा अध्यक्षको अनुमती

बेगर गाउँपालिका बाहिर पठाउन निषेध गरिनेछ । स्थानीय प्रहरी चौकीहरुबाट बस तथा यातायातका साधनमा बालबालिका ओसारपसारको अनुगमन गरिनेछ ।

च) गाउँपालिकाभित्र स्थायी बसोबास भइ अन्यत्र गएका बालबालिकाको अवस्था जाँच, श्रममा संलग्न बालबालिकाको घरफिर्ती तथा हराएका बालबालिकाको खोजी कार्य गरिनेछ ।

११.५ बालबालिकाको सहभागिता सम्वन्धित

क) प्रत्येक विद्यालय तथा समुदायमा न्युनतम एक बाल क्लब/समुह तथा वडा र गाउँपालिकास्तरमा बाल सञ्जाल गठन गरिनेछ । बाल क्लव/समुह दर्ताको लागि अनुसुची ४ बमोजिमको निवेदन दिनुपर्नेछ र प्रकृया पुरा भइ दर्ता हुन आएको बाल क्लव वा समुहलाई नियमानुसार दर्ता गरी अनुसुची ५ बमोजिमको प्रमाण पत्र दिनु पर्नेछ ।

ख) वस्तिस्तर योजना भेलामा बाल क्लबका प्रतिनिधिको सहभागिता अनिवार्य हुनेछ ।

ग) वडास्तरीय तथा गाउँपालिकास्तरी योजना बैठकमा बालबालिकासम्वन्धि योजना छलफल तथा योजना कार्यान्वयन र अनुगमनमा सम्बन्धित तहको बाल सञ्जाल प्रतिनिधीको सहभागिता अनिवार्य गरिनेछ ।

घ) वडाभित्र रहेका सबै बालक्लबहरुलाई अनिवार्य रुपमा वडा कार्यालयमा सुचिकृत गरिनेछ ।

ङ) बाल क्लब तथा सञ्जालका गतिविधीहरुलाई आवश्यक सहायता तोकिएबमोजिम सम्बन्धित विद्यालय तथा वडा कार्यालयबाट उपलब्ध गराइनेछ ।

च) बाल समुह तथा सञ्जाल सम्बन्धि व्यवस्था गाउँपालिकाबाट पारित निर्देशिका बमोजिम गरिनेछ

## १२. आर्थिक पक्ष

यो नीति कार्यान्वयन गर्नको लागि गाउँपालिका, गैसस र निजी क्षेत्र हरुमार्फत बालविकासको क्षेत्रमा लगानी बढाउदै लैजानेछ ।

## १३. कानुनी व्यवस्था

यो नीति कार्यान्वयनका लागि गाउँपालिकाले आवश्यकता अनुसार कानुन निर्माण, सुधार एवं संशोधन गरिनेछ ।

## १४. अनुगमन तथा मुल्याङकन

यस बाल अधिकार संरक्षण तथा सम्वर्द्धन नीतिको कार्यान्वयन अवस्थाको अनुगमन गाउँपालिका अध्यक्षको नेतृत्वमा हुनेछ र सोको प्रतिवेदन गाउँ कार्यपालिकामा पेश गरिनेछ । गाउँ बालअधिकार समितिले हरेक छ महिनामा गाउँपालिकाका पदाधिकारी सहित अन्य सरोकारवालाहरु समेतका बीच समिक्षा बैठकको आयोजना गर्नेछ र सोको प्रतिवेदन गाउँ कार्यपालिकामा पेश गरिनेछ । गाउँ पालिकाको अध्यक्षको नेतृत्वमा गाउँपालिकाका पदाधिकारी, कर्मचारी तथा नागरिक समाज समेतको प्रतिनिधित्व रहने मूल्याङ्कन समितिले यस नीतिको कार्यान्वयन अवस्थाको मूल्याङ्कन प्रतिवेदन तयार गरी गाउँ कार्यपालिका तथा गाउँ सभामा पेश गरिनेछ । आवश्यकतानुरुप स्वतन्त्र अनुगमन तथा मूल्याङ्कन टोलीबाट पनि अनुगमन, मूल्याङ्कन गर्न गराउन सकिनेछ ।

## १५. अपेक्षित मान्यता

सघं, प्रदेश र स्थानीय तहको राजनीतिक नेतृत्वको प्रतिवद्धता, संघीय सरकारका विषयगत मन्त्रालयको कार्यान्वयन तत्परता र पर्याप्त स्रोत साधनको व्यवस्था यो नीति कार्यान्वयनको लागि आवश्यक पर्नेछ।

## १६. नीतिको प्रयोग र परिमार्जन

यस बाल अधिकार संरक्षण तथा सम्वर्द्धन नीतिको कार्यान्वयनको क्रममा कुनै द्विविधा हुन गएमा सोको व्याख्या गर्ने वा वाधा अड्काउ फुकाउने अधिकार गाउँकार्यपालिकालाई हुनेछ । सामान्यतया: हरेक पाँच वर्षमा निर्वाचित गाउँकार्यपालिकाबाट यस नीतिको पुनरावलोकन गरिनेछ र कार्यसंचालन कार्यविधिसंग सम्वन्धित विषयहरुमा भने आवश्यकता अनुरुप जुनसुकै बेला परिमार्जन गर्न सकिने छ । तर यस कुराले आवश्यकता अनुसार नीतिको सो समय भन्दा पहिले नै गरिने संशोधन र अद्यावधिक गर्ने कार्यलाई रोकेको मानिने छैन । आवश्यकतानुसार उल्लिखित नीतिहरुको विस्तृत कार्ययोजनाहरु बनाई कार्यान्वयनलाई थप प्रभावकारी बनाउन सकिनेछ ।

**अनुसुचीहरु :**

अनुसुची १ : विद्यालयमा लागु हुने आचार संहिताको नमुना
अनुसुची २ : बाल अधिकार समिति तथा न्यायीक समितिमा उजुरी दिने निवेदनको ढाँचा
अनुसुची ३ : बाल अधिकार समितिले राख्ने घट्ना विवरणको अभिलेख फारम
अनुसुची ४ : बाल क्लब/समुह दर्ताका लागि दिइने निवेदनको नमुना
अनुसुची ५ : दर्ता भएका बाल क्लवलाई दिइने प्रमाणपत्रको ढाँचा
अनुसुची ६ : वालसंरक्षण सम्पर्क शिक्षकको आधारभूत काम, कर्तव्य र अधिकार

अनुसुची १ : विद्यालयमा लागु हुने आचार संहिताको नमुना

## विद्यालयसँग सम्वद्ध सरोकारवाला हरुको आचार संहिता
(नमुनाका लागि)

### क) शिक्षक (Teacher) :-

- बालबालिकासँग सँधै मीठो बोल्ने र उत्साहजनक कुरा गर्दै सकारात्मक, स्नेहपूर्ण आपसी सम्मानपूर्ण व्यवहार गर्नेछौं ।
- आफ्नो कर्तव्य र जिम्मेवारी बोध गरी बालमैत्री शिक्षण सिकाई अवलम्वन गर्नेछौं ।
- कक्षाकोठामा आफुले पढाएको पाठ सबै विद्यार्थीले बुझेको सुनिश्चित गर्नेछौं ।
- कुनै पनि बालबालिकाहरुलाई शारीरिक र मानसिक दण्ड तथा सजाय नदिई सधै बालमैत्री व्यवहार गर्नेछौं ।
- विद्यालयमा लागू गरिएको आचार संहिता पालना गर्नेछौं ।
- शिक्षक, अभिभावक र विद्यार्थी बीचको त्रिपक्षीय सुमधुर सम्वन्ध कायम गर्न मद्दत गर्नेछौं ।
- विद्यालय र समुदाय विच सहसम्वन्ध कायम गरी काम गर्नेछौं ।
- विद्यालयलाई राजनीतिक गतिविधिबाट अलग राखी विद्यालयलाई शान्ति क्षेत्रको रुपमा विकास गर्न सहयोग गर्नेछौं ।
- समयमै पाठ्यक्रमको अध्यापन पाठ योजना बमोजिम गर्न नियमित कक्षा प्रभावकारी रुपमा अध्यापन गर्नेछौं ।
- पढाई लेखाईमा कमजोर भएका वा अन्य कुनै पनि बालबालिकाको विद्यालयमा दर्ता भएको नामबाहेक, होच्याउने खालका अन्य नाम र उपनाम दिई बोल्ने वा भन्ने कुरालाई पूर्ण रुपमा बन्द गर्नेछौं ।
- कुनै पनि बालबालिकालाई कुट्न, पिट्न वा हप्काउने कार्य आफूले पनि नगर्ने र अरु कसैलाई पनि गर्न हुदैन भनी सम्झाउने बुझाउने गर्नेछौं ।
- विद्यालयहाता भित्र धुम्रपान, मद्यपान सेवन गर्ने छैनौं ।

### ख) विद्यार्थी (Student ):-

- विद्यालयमा नियमित उपस्थित भई अनुशासित रुपमा विद्यालयका प्रत्येक गतिविधिमा सक्रिय सहभागी हुनेछौं ।
- अभिभावक, शिक्षक र ठूला साथीहरुलाई आदर र सानालाई माया गर्नेछौं ।
- विद्यालयमा लागू गरिएको आचार संहिता पालना गर्नेछौं ।
- शिक्षक, अभिभावक र विद्यार्थी बीचको त्रिपक्षीय सुमधुर सम्वन्ध कायम गर्नेछौं ।
- नियमित अनुशासित भई गृहकार्य पूरा गर्न लगायत अध्ययनशील भई अध्ययन गर्नेछौं ।
- आफ्नो साथी, भाइ, दाइ, दिदी, बहिनीको वास्तविक नाम भन्दा अरु नाम वा उपनाम दिएर सम्वोधन गर्ने वा बोल्ने बानी छोड्ने वा पूर्ण रुपमा त्यागने काम गर्नेछौं ।
- बालक्लब वा समूहमार्फत बालअधिकारका कुरा र विषयको सम्वर्धन गर्न, प्रचार प्रसार गर्नेछौं

- विद्यालयको भौतिक सम्पत्तिहरु, फुलवारी तथा अन्य सम्पत्तिहरुको उचित उपयोग र संरक्षण गर्नेछौं ।
- कक्षाकोठालाई सफा सुग्घर राख्न सरसफाई अभियान सहित सहयोग पुऱ्याउनेछौं ।
- विद्यालय तथा गाउँघरमा वालविवाह तथा वालबालिकामाथि कुनै प्रकारको दुर्व्यवहारको सुचना पाउने वित्तिकै विद्यालय प्रशासनमा सुचना दिई सहयोग गर्नेछौं ।

ग) विद्यालय प्रशासन (School administrative) :-

- विद्यालयमा शान्तिपूर्ण, सुरक्षित, भयरहित वातावरणमा पठनपाठनको व्यवस्था गर्नेछौं ।
- शिक्षक विद्यार्थीलाई विद्यालयमा नियमित आउने वातावरण तयार गर्नेछौं ।
- विद्यालय, अभिभावक, विद्यालय व्यवस्थापन समिति, शिक्षक, विद्यार्थी र समुदायबीच सुमधुर सम्बन्ध विकास गर्नेछौं ।
- बालबालिकाको वास्तविक नाम भन्दा अन्य नामबाट सम्वोधन गर्न वा वोल्नवाट प्रतिबन्ध गर्नेछौं ।
- अध्ययन अध्यापनलाई शारीरिक र मानसिक दण्ड वा सजाय दिएर गर्ने प्रचलन वा प्रवृत्ति भए त्यस्तो कार्यलाई तत्काल निषेध गर्न र आवश्यक कारवाहीमा सहयोग गर्नेछौं ।

घ) विद्यालय व्यवस्थापन समिति (School Management Committee) :-

- बालमैत्री बनाउन विद्यालयको भौतिक संरचना (खेल मैदान, सुरक्षित भवन, कक्षाकोठा, शौचालय, खानेपानी, खेल सामाग्री) निर्माण एवम् व्यवस्था गर्न मद्धत गर्नेछौं ।
- बालमैत्री पठनपाठन व्यवस्थापनको निम्ति आवश्यक व्यवस्था गर्न मद्धत गर्नेछौं ।
- बीचमै विद्यालय छाड्ने विद्यालय उमेरका बालबालिकालाई पुनःभर्ना गर्न प्रेरित गर्न सहयोग गर्नेछौं ।
- बाल संरक्षण नीति कार्यन्वयनको अनुगमन प्रतिवेदनलाई सम्वोधन गर्न सहयोग गर्नेछौं ।
- विद्यालय, अभिभावक, विद्यालय व्यवस्थापन समिति, शिक्षक, विद्यार्थी र समुदायबीच सुमधुर सम्वन्ध विकास गर्न मद्धत गर्नेछौं ।
- अनुशासन वा पढाई लेखाईको नाममा बालबालिकालाई शारीरिक वा मानसिक दण्ड वा सजाय दिने शिक्षकलाई आवश्यक कारवाही गर्न सहयोग गर्नेछौं ।
- पढाई लेखाईमा कमजोर भएका वा अन्यकुनै पनि बालबालिकाको विद्यालयमा दर्ता भएको नाम वाहेक, होच्याउने खालका अन्य नाम र उपनाम प्रयोग गर्ने अभ्यासलाई निरुत्साहित गर्न मद्धत गर्नेछौं ।

ङ) अभिभावक (Parent) :-

- वालवालिकालाई नियमित र समयमा विद्यालय पठाउनेछौं ।
- वालबालिकाको हेरचाह, पोषण र सरसफाईमा ध्यान दिनेछौं ।
- वालबालिकाको इच्छा र भावना बुझी व्यवहार गर्नेछौं ।

- बालबालिकालाई शैक्षिक सामग्री (झोला, किताब, कापी, कलम आदि) को व्यवस्था मिलाई खाजा सहित विद्यालय पठाउनेछौं ।
- विद्यालयमा समय-समयमा उपस्थित भई आफ्ना बालबालिकाको समग्र गतिविधि बुझ्न र आवश्यक परामर्श दिनेछौं ।
- बालबालिकालाई कुनै पनि बहानामा शारीरिक वा मानसिक पीडा, दण्ड वा सजाय पूर्ण रुपमा तत्काल निषेध गर्नेछौं ।
- बालबालिकाको वास्तविक नाम बाहेक होच्याउने वा पीडा दिने मनसायले त्यस्तो नाम भन्ने वाबोल्ने प्रवृत्तिलाई तत्काल निषेध गर्नेछौं ।
- बिद्यार्थी प्रगति विवरण वुझ्न नियमित रुपमा विद्यालयमा उपस्थिती हुनेछौं ।
- विद्यालयले डाकेको बैठकमा उपस्थिति हुने र आवश्यकता अनुसार सहयोग गर्नेछौं ।

च) समुदाय (Community) :-

- समुदायमा हुने गरेको विकृति (बालविवाह, हिंसा, श्रम शोषण, दुर्व्यवहार, विभेद) रोक्न सहयोग गर्नेछौं ।
- विद्यालयमा बाल संरक्षणको निम्ति आवश्यक सहयोगको वातावरण कायम गर्नेछौं ।
- बालबालिकालाई पीडा दिने, होच्याउने, हेप्ने खालका नाम वा शब्द बोल्न, भन्न वा प्रयोग गर्न तत्काल निषेध गर्न मद्धत गर्नेछौं ।
- शारीरिक र मानसिक दण्ड वा सजाय दिएर अध्ययन अध्यापन गर्ने प्रचलन वा प्रवृत्तिलाई तत्काल निषेध गर्न मद्धत गर्नेछौं ।

अनुसुची २ : बाल अधिकार समिति तथा न्यायीक समितिमा उजुरी दिने निवेदनको ढाँचा

**हेलम्बु गाउँपालिका**

**स्थानीय बालअधिकार समिति, हेलम्बु**

**<u>उजुरी निवेदन फारामको ढाँचा</u>**

मिति ....................

१. विद्यार्थीको नाम थर ............................................ *(आफूलाई नाम थर लेख्न मन नलागेमा नलेख्दा पनि हुने)*

२. कक्षा.................. *(आफूलाई कक्षा लेख्न मन नलागेमा नलेख्दा हुने)*

३. बिद्यालयको नाम ..........................................................

४. उमेर ........................

५. लिङ्ग ................

६. गुनासो तथा घटना ..........................................................

७. घटना घटाउने व्यक्ति ......................................................

८. घटनाको प्रकृति ..............................................................

९. घटना वा समस्या नयाँ हो वा दोहोरिएको हो ................................

१०. घटना वा समस्या समाधानका सम्भावित उपायहहरू के हुन सक्दछन?

..............................................................................

..............................................................................

..............................................................................

निवेदकको दस्तखत

(दस्तखत गर्न मन नलागेमा नगर्दा पनि हुने)

अनुसुची ३ : बालअधिकार समितिले राख्ने घट्ना विवरणको अभिलेख फारम

## हेलम्बु गाउँपालिका
## स्थानीय बालअधिकार समिति, हेलम्बु

घटना विवरणको अभिलेख नमुना

| क्र. सं. | घटनाको प्रकृति | घटनाको पत्रसङ्ख्या ( कोड) | वडा | छात्रा | छात्र | गुनासोकर्ताको उमेर समूह | | | सम्बोधनको अवस्था | | | | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | १० वर्षमन्दा कम | १०- १४ वर्ष | १४ देखि माथि १८ वर्षसम्म | भइ सकेको | सम्बोधनको क्रममा | नभएको भए कारण | सम्प्रेषण गरिएको निकाय | |
| १. | | | | | | | | | | | | | |
| २. | | | | | | | | | | | | | |
| ३. | | | | | | | | | | | | | |
| ४. | | | | | | | | | | | | | |
| ५. | | | | | | | | | | | | | |
| ६ | | | | | | | | | | | | | |
| ७ | | | | | | | | | | | | | |
| ८ | | | | | | | | | | | | | |
| ९ | | | | | | | | | | | | | |
| १० | | | | | | | | | | | | | |

अनुसुची ४ : बालक्लव/समुह दर्ताका लागि दिइने निवेदनको नमुना

**हेलम्बु गाउँपालिका**

**स्थानीय बालअधिकार समिति, हेलम्बु**

**<u>बाल क्लब/समुह दर्ताका लागि दिइने निवेदनको नमुना</u>**

१. बालक्लव /समुहको नाम :

२. बालक्लव/समुहको ठेगाना :

३. बालक्लव/समुहको लागि सम्पर्क व्यक्ति :

४. सम्पर्क शिक्षक/व्यक्ति/सहजकर्ता

४. बालक्लव/समुह स्थापना वा गठन गरिएको मिति :

५. बालक्लव/समुहको प्रकार (ठिक चिन्ह लगाउनुस)

- क) विद्यालयमा आधारित बालक्लव/समुह ☐
- ख) समुदायमा आधारित बालक्लव/समुह ☐
- ग) विषयगत बालक्लव/समुह ☐
- घ) विशिष्टीकृत बालक्लव/समुह ☐
- ङ) बाल समुह संजाल ☐

६. उद्धेश्य

- क)
- ख)
- ग)

७. मुख्य कार्यक्रम

- क)
- ख)
- ग)

८. कार्यसमिति सदस्यहरु

| क्र.सं | नाम | ठेगाना | पद | सम्पर्क नम्वर | कैफियत |
|---|---|---|---|---|---|
| १ | | | | | |
| २ | | | | | |
| ३ | | | | | |
| ४ | | | | | |
| ५ | | | | | |
| ६ | | | | | |
| ७ | | | | | |
| | | | | | |

निवेदक

नाम : पद :

मिति : हस्ताक्षर :

**<u>संग्लन कागजातहरु</u>**

१. वालक्लव दर्ताका लागि बसिएको वैठकको निर्णय प्रतिलिपी २. पदाधिकारीहरुको परिचय खोल्ने कागजात जन्मदर्ता, विद्यालयको सिफारिस, प्रमाण पत्र, अन्य कागजात

अनुसुची ५ : सुचिकृत वाल क्लव/समुहलाई दिइने प्रमाणपत्रको ढाँचा

दर्ता नं ...............
दर्ता मिति : ...........

## हेलम्वु गाउँपालिका
## स्थानीय वाल अधिकार समिति, हेलम्वु

### बाल क्लव/समुह दर्ता–प्रमाण पत्र

वाल अधिकार सम्बन्धि महासन्धि १९८९ र बालवालिका सम्वन्धि ऐन २०७५ एवम हेलम्बु गाउँपालिकाको बाल अधिकार संरक्षण तथा सम्वर्द्धन नीति, २०८१ को दफा ९ को उपदफा (६) बमोजिम सिन्धुपाल्चोक जिल्ला हेलम्वु गाँउपालिका वडा नं.........मा अवस्थित.......................................... बाल क्लव/ समुह/ दर्ता गरी यो आवद्धता–प्रमाण पत्र प्रदान गरिएको छ । बाल अधिकार संरक्षण र सम्वर्द्धनमा सक्रिय योगदान रहने अपेक्षा गर्दै यस वाल क्लव/ समुह/ को उत्तरोत्तर प्रगतिको कामना गरिन्छ ।

..........................................

..........................
बाल कल्याण अधिकारी

अध्यक्ष

अनुसुची ६ : वालसंरक्षण सम्पर्क शिक्षकको आधारभूत काम, कर्तव्य र अधिकार

हेलम्बु गाउँपालिकाका विद्यालयमा रहेका बाल संरक्षण सम्पर्क शिक्षकहरुको काम कर्तव्य र अधिकारहरु देहाय बमोजिम हुनेछन ।

१ .सहायता चाहिने एक्लो विद्यार्थी वा समुह दुवैको लागि शिक्षकहरु उपलब्ध हुनु पर्छ र शिक्षकहरु भेट्नका लागि कति वेला उपलब्ध छन् भनेर सबै विद्यार्थी र अभिभावकहरुलाई थाहा हुनु पर्छ ।

- ✓ कुनै पनि बालबालिकाको लागि सहयोगको आबश्यक्ता भएको खन्डमा चाहे त्यो बालबालिका एक्लो होस् या बालबालिकाको समुह होस् त्यस्ती समयमा शिक्षकहरु उपलब्ध हुनुपर्छ साथै सहयोग आबश्यक्ता भएको बालबालिका कुन समयमा भेटिन सक्छन् भन्ने कुरा अभिभावक र शिक्षक दुबैलाई थाहा हुनुपर्छ ।

२. शिक्षकले सहायताको आवश्यकता हुन सक्ने र शिक्षकहरुलाई सम्पर्क गर्न अफठ्यारो मान्ने विद्यार्थीहरुलाई खोज तलास गर्नु पर्छ ।

- ✓ सहयोग को आवश्यक्ता भएको बालबालिकाहरुले शिक्षकसंग सम्पर्क गर्नको लागि अप्ठ्यारो महशुस गर्न सक्ने भएकोले त्यस्ता बालबालिकाहरुलाई शिक्षक आफैले चासो दिएर खोजि गर्नुपर्छ ।

३. बालसंरक्षण सम्पर्क शिक्षक हरूले बालबालिकासँगै मिलेर लेखाजोखा (समस्या समाधान गर्नका लागि के कुराको आवश्यकता छ भनेर पत्ता लगाउन) सहयोग गर्नुपर्छ (सम्भवतः सम्पूर्ण परिवारलाई नै सहायता चाहिएको हुन सक्छ) । पत्ता लागेको कुरा सहकर्मी शिक्षकहरू र प्रधानाध्यापकहरूसँग जानकारी गराउनुपर्छ ताकि उनीहरू पनि विशेष ख्याल गर्नु पर्ने बालवालिका तथा उनीहरूको आवश्यकता बारे जानकार होउन । समस्या समाधान नभएसम्म त्यस विषयलाई पछ्याई (फलोअप) रहनु पर्छ । आवश्यक परेको खण्डमा वडा, विद्यालय व्यवस्थापन समिती, स्थानीय नागरिक समाज संस्थाहरु र गाउँपालिका आदिहरुबाट आर्थिक सहयोग खोज्नु पर्छ ।

- ✓ समस्या समाधानको लागि वालबालिका र परिवार दुबैको लेखाजोखा गर्न जरुरि छ उक्त लेखाजोखा अनुसार वालवालिकाको विशेष ख्याल गर्न सकुन् भन्ने उदेश्यले देखिएको समस्या को बारेमा प्रधानाध्यापक र शिक्षकहरुलाई जानकारी दिनुपर्ने हुन्छ साथै देखिएको समस्या समाधान नभइन्जेलसम्म फलोअप पनि गरिराख्नुपर्ने हुन्छ र यदि आवश्यक परेको खण्डमा वडा, विद्यालय व्यवस्थापन समिति, स्थानिय नागरिक समाज, संघ सस्थाहरु र गाउँपालिकासंग आर्थिक सहयोगको सहायताको लागि खोजि पनि गर्नु पर्छ ।

४. सम्पर्क शिक्षकहरु, थिचोमिचो गरेको अवस्था, अनुपस्थित विद्यार्थी, विरामी विद्यार्थी, हराएको/विद्यालय छाड्ने विद्यार्थी, दु:खी विद्यार्थीहरू जस्ता संकटको अवस्थामा संलग्न हुनुपर्छ ।

- ✓ वालबालिकाहरु विभिन्न कारणले दु:खि हुने, वालवालिकामाथि भेदभाव हुने, विरामि भैराख्ने, विद्यालय छोड्नु, वालवालिकाहरु वुलिङ्गमा पर्नु जस्ता समस्याहरुवाट गुज्रिरहेका हुन्छन् ।

५. प्राकृतिक/जलवायु सम्वन्धी विपद जस्ता ठूला संकटहरूमा शिक्षकलाई अन्य सबै शिक्षकहरूले जस्तै विपदमा बालबालिकालाई कसरी जोगाउने भन्ने कुराको आधारभूत ज्ञान हुनुपर्छ । तिनीहरूले सबै विद्यार्थी र अभिभावकहरू विपद सम्वन्धी घटना अभ्यास आदिको बेलामा के गर्ने भन्ने बारे अभिमुखीकृत छन् भन्ने कुरा सुनिश्चित गर्नु पर्छ ।

- ✓ प्राकृतिक/जलवायू सम्वन्धि जस्ता अन्य ठुला विपदहरुमा वालवालिकालाई कसरी संरक्षण गर्ने भन्ने कुराको शिक्षकहरुलाई आधारभूत ज्ञान हुनुपर्छ । शिक्षकहरुले अभिभावक, वालवालिका सवैलाई विपद वाट जोगिनको लागि के गर्नुपर्छ भनेर अभिमुखिकरण

अभ्यासहरु गराउनु पर्छ र यस विषयमा उनिहरु जानकार छन् भन्ने कुराको सुनिश्चित पनि गर्नुपर्छ ।

६. सम्पर्क शिक्षकहरूलाई मानसिक आघात सम्बन्धी प्रतिक्रियाहरूको बारेमा ज्ञान हुनु पर्दछ र विद्यालयका सबै शिक्षकहरू आघातको बारेमा अभिमुखीकृत छन् भनेर सुनिश्चित गर्नुपर्छ ।

✓ विद्यालयका सबै शिक्षकहरु आघातको विषयमा जानकारमुलक हुनुपर्छ साथै बालवालिका र अभिभावकहरुलाई पनि यस विषयमा जानकार छन् भन्ने कुराको सुनिश्चत हुनुपर्छ ।

७. सम्पर्क शिक्षकहरूले विपद् पछिको समयमा कुनै पनि स्थानीय स्तरको प्रतिकार्य गर्ने निकायहरूसँग नजिकबाट काम गर्नुपर्छ र संरक्षण र सुरक्षाको लागि बालबालिकाको विशेष आवश्यकताहरूको लागि निरन्तर आवाज उठाउनु पर्छ । तिनीहरूले बालबालिकाको लागि पैरवीकर्ताको रूपमा काम गर्नु पर्छ ।

✓ विपद पछि बालबालिकाको संरक्ष्ण र सुरक्षाको लागि विशेष आबश्यक्ताहरुको खाचो पर्ने भएकोले उनिहरुको आबश्यक्ताको लागि पैरवि गर्दे स्थानिय निकायहरुसंगको समन्वयमा काम गर्नु पर्दछ ।

८. विद्यार्थीहरूको लागि पैरवी गर्ने- उनीहरुले बैठकहरू आदिमा, बालबालिकाहरूलाई खुशी र सुरक्षित हुनका लागि कुन कुन कुराको आवश्यकता छ भनेर पैरवी गर्न बालबालिकाहरुको आवाज बन्नु पर्छ ।

✓ विद्यालय, समुदाय;स्थानिय निकाय अथवा बालबालिकाको विषयमा बसेका अन्य कुनै बैठकहरुमा बालबालिकाहरुलाई खुशि र सुरक्षित राख्नको लागि उनिहरुको आवश्यकताको विषयमा पैरवी गर्नुपर्छ ।

९. बालबालिकाहरूको सुरक्षा र खुसीसंग सम्बन्धित कुनै पनि नयाँ जानकारी भए विद्यालयका कर्मचारी, अभिभावक र समुदायहरूसँग आदन प्रदान गर्नुपर्छ ।

✓ बालबालिकाको संरक्षण को विषयमा कुनै पनि नयाँ जानकारी भएमा विद्यालयका कर्मचारी, अभिभावक र समुदायहरुलाई जानकारी गराउनुपर्छ ।

१०. सम्पर्क शिक्षकहरूले हेलम्बु बाल संरक्षण सम्पर्क शिक्षकहरुको व्हाट्सएप समुहमा सक्रिय हुनुपर्छ ।

✓ <u>**"हेलम्बु बाल संरक्षण शिक्षक सन्जाल"**</u> को वाट्सएप समुह बनायर उक्त समुहलाई सक्रिय बनाउनुपर्छ ।

११. सम्पर्क शिक्षकहरूले हेलम्बु बाल संरक्षण सम्पर्क शिक्षकहरुको पालिका स्तरीय नियमित बैठकमा सहभागी हुनु पर्छ ।

✓ <u>**"हेलम्बु बाल संरक्षण शिक्षक सन्जाल"**</u> को पालिका स्तरीय शिक्षक नेटवर्क बनायर उक्त नेटवर्क को नियमित बैठकहरु गर्ने र उक्त बैठकमा नियमित सहभागि हुनुपर्छ ।

१२. सम्पर्क शिक्षकहरूहरुले स्थानीय तहका सान्दर्भिक समितिहरूमा उनीहरुको प्रतिनिधित्व गर्न दुई शिक्षकहरुको छनौट गर्नु पर्छ । -

✓ उक्त नेटवर्कबाट २ जना शिक्षकहरुको छनोट गरि स्थानिय तहमा रहेको सान्दर्भिक समितिहरुमा प्रतिनिधित्व गराउनुपर्छ ।

(समाप्त)

२०८१।११।०६

निर्णय नं. ११:

मिति २०८१ माघ २६ गतेदेखि फागुन ४ गतेसम्म काठमाडौंमा भएको नेपाल-पाकिस्तान मैत्री टि-२० क्रिकेट प्रतियोगितामा खेलाडीहरुको पोसाक, क्रिकेट सामग्री, खाना र खाजावापत चालु आ.व.को सि.नं. ३७८ र ३७७ जिल्ला प्रदेश, राष्ट्रिय तथा अन्तराष्ट्रयस्तरमा आयोजना हुने विभिन्न खेलकुद कार्यक्रममा सहभागी खर्च, विविध खेलकुद गतिविधि, क्रियाकलाप, प्रतियोगिता, बैठक खर्च, तयारी अभ्यास, सहभागिता, सञ्चालन तथा व्यवस्थापन खेलकुद सहयोग अनुदानबाट रु. १,१४,३०८ निकासा गर्ने व्यवस्था मिलाउने निर्णय गरियो।

निर्णय नं. १२:

मिति २०८१ माघ ५ गते महेन्द्र माध्यमिक विद्यालयमा सञ्चालन भएको माध्यमिक विद्यालयका शिक्षकहरु बीच अन्तरविद्यालय स्तरी भलिबल प्रतियोगिता र SEE केन्द्रित गणित प्रतियोगिता सञ्चालन गरेवापत श्री महेन्द्र माध्यमिक विद्यालयलाई सि.नं. ३७३ विविध शैक्षिक कार्यक्रम, तालिम, कार्यशाला, गोष्ठी, छलफल, बैठक, सञ्चालन तथा व्यस्थापनबाट रु ५०,००० महेन्द्र माध्यमिक विद्यालयलाई निकासा गर्ने व्यवस्था मिलाउने निर्णय गरियो।

निर्णय नं. १३:

मिति २०८१ फागुन ५ गतेदेखि ७ गतेसम्म सुनकोशी गाउँपालिकाको आयोजनामा हुने अन्तर पालिका प्रथम सुनकोशी अध्यक्ष कप २०८१ पुरुष भलिबल प्रतियोगितामा पठाउन रु ४०,०००/- रकम निकासा गर्ने व्यवस्था मिलाउने निर्णय गरियो।

निर्णय नं. १४:

हेलम्बु गाउँपालिकाको "बाल अधिकार संरक्षण तथा संवर्द्धन नीति, २०८१" स्वीकृत गर्ने निर्णय गरियो।

स्थानीय सरकार
हेलम्बु गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
हेलम्बु, सिन्धुपाल्चोक
बागमती प्रदेश, नेपाल